
नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

बीमा प्राधिकरणका अध्यक्षविरुद्ध भ्रष्टाचार मुद्दा



समाचार पृष्ठ ६ मा

वर्ष ३ · अंक ३१ · २०८१ साल मंसिर २५ गते मंगलबार · Tuesday 10, December 2024 · सूर्योदयः बिहान ६:४४ बजे · सूर्यास्तः साँझ ५:१३ बजे · पृष्ठ ८ · मूल्य रु. ५/-

## पैसा वीरगंजको मस्ती अरुलाई

वीरगंजबाट ऋण लैजाने ठूला ऋणीहरुको हुलियामा कहीँ कतै पनि वीरगंजबासी देखिएका छैनन् । ऋणीहरु कता छन्, सहकारीले खोज्न चासोसमेत नदिँदा वीरगंज महानगर सक्रिय भएपछि जिबी राई फरार हुने वातावरण बन्यो भने घुमिफिरी रवि लामिछानेका लागि बयानघरका रुपमा हिरासतको डायरीमा पाँचौँ जिल्ला भनेर पर्साको वीरगंज पनि थपियो ।

सानो पाइला सहकारीका सर्वसाधारणको निक्षेप संकलन गरी वीरगंजमा खाता नै नभएकालाई करोडौँ रुपैयाँ प्रवाह गरी सहकारी जोखिममा पु¥याएपछि हजारौँ निक्षेपकर्ता वीरगंज महानगरपालिकामा गुहार लगाउन पुगेका थिए । उनीहरुको कागजात मागेर सानो पाइलाका संस्थापकलाई वीरगंज बोलाएर कागज गराएपछि राई समूहकै निर्देशनमा सञ्चालित अन्य सरकारीका निक्षेपकर्ता पनि सरकार खोज्दै देशभर धाएपछि गितेन्द्रबाबु राई देश छाडेर भाग्न बाध्य भएका हुन् ।

यो मामलामा वीरगंज महानगर पिता राजेशमान सिंहले कतै आफ्नो लाभ र चर्चा चाहेनन्–पाएनन् । वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले 'निक्षेपकर्ताको रकम फिर्ता गर' भनेर वीरगंज बोलाएर राईलाई कागज गराएका थिए ।२०८० असार २४ गते गितेन्द्रबाबु राई वीरगंज महानगरपालिका कार्यालय आएका थिए । उनले महानगरमा भएको बैठकमा सानो पाइलाले जारी गरेको ऋण विवरण ३ दिनभित्र महानगरमा बुझाउँछु भनेर हस्ताक्षर गरेका थिए । साउन १५ गतेभित्र सहकारीको श्वेतपत्र जारी गर्छु भनेर वाचा गरेका थिए । एक लाख रुपैयाँ भन्दा कम रकम निक्षेपकर्ताहरु समस्यामा परेकाले उनीहरुको रकम क्रमशः फिर्ता गर्छु भनेका थिए । सानो पाइलाले संस्थाको विवरण खुल्ने श्वेतपत्र त साउन १५ गते महानगरमा पठायो तर त्यसपछि वीरगंज महानगरबाट तारन्तर सम्पर्क गर्दा राईले फोन उठाएनन् । महानगरमा आएर गरेको वाचा र प्रतिवद्धता पनि कागजमा सीमित राखे । स्थानीय सरकारले 'के नै गर्न सक्छ र' भन्ने ठानेर महानगरलाई हेप्ने काम गरिरहे ।

के के गर्‍यो महानगरले ?

यसपछि वीरगंज महानगरले भदौ ५ गते सानो पाइला सहकारीलाई समस्याग्रस्त घोषणा गरी सञ्चालकलाई कानूनी कारबाही अघि बढायो । ५ गते नै नेपाल राष्ट्र बैंकलाई सहकारीका सञ्चालकको बैंक खाता रोक्काका लागि पत्राचार गरियो । सोही दिन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई पनि पत्राचार गरेर सञ्चालकहरुको नेपालभर रहेको जग्गा रोक्काको अपिल गरियो । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोलाई पनि पत्र पठाएर सहकारीजन्य कसुरमा कारबाहीका लागि छानबिन गर्न आग्रह भयो ।

बाँकी पृष्ठ २ मा

## पर्सामा रवि लामिछानेः सहकारीकै मुद्दा, सहकारी ठगीमै बयान



**मधेशदृष्टि**
**वीरगंज ।**

सहकारी ठगी प्रकरणमा अनुसन्धानक्रममा रहेका पूर्वगृहमन्त्री तथा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई सोमबार वीरगंज ल्याइएको छ । वीरगंजको सानो पाइला सहकारीको रकम ठगी अभियोगमा अनुसन्धानका लागि लामिछानेलाई पोखराबाट हवाई उडानमार्फत काठमाडौं र सिमरा हुँदै पर्सामा ल्याइएको हो ।

पर्सा प्रहरीले लामिछानेलाई सिमराबाट सवारीसाधनमा राखेर पर्सा ल्याएको हो । मङ्सिर १९ गते पर्सा जिल्ला अदालतले सानो पाइला सहकारी ठगी प्रकरणमा सभापति लामिछानेसहित १४ जनाको नाममा पक्राउ पूर्जी जारी गरेको छ । पक्राउ पूर्जीका आधारमा थप अनुसन्धानका लागि लामिछानेलाई पर्सा ल्याइएको हो । जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक किशोर लम्सालले सोमबार बेलुकीपख लामिछानेलाई थप अनुसन्धानको लागि पर्सा ल्याइएको जानकारी दिए । 'रास्वपाका सभापति लामिछानेलाई सानो पाइला सहकारीको विषयमा थप अनुसन्धानको लागि पर्सा जिल्ला ल्याइएको हो,' उनले भने, 'आवश्यक कानूनी प्रक्रिया पूरा गरेर सरकारी वकिलको कार्यालयमा बयानका लागि लैजानेछौँ ।'

यसैबीचमा रास्वपाका सभापति लामिछानेलाई वीरगंज ल्याउने क्रममा रास्वपाका कार्यकर्ताले सिमरा र वीरगंजमा विरोध प्रदर्शन गरेका थिए ।

पर्सा प्रहरीले सानो पाइला सहकारी प्रकरणमा जोडिएका गोर्खा मिडियाका तत्कालीन उपाध्यक्ष छविलाल जोशी बन्जाडे र रामबहादुर खनाललाई स्थलमार्गबाट आइतबार मध्यराति पर्सामा ल्याइसकेको छ ।

सरकारी वकिलको कार्यालयमा सोमबार जोशी र खनालको बयान शुरु भएको छ । पर्सा जिल्ला अदालतले मङ्सिर १९ गते रास्वपाका सभापति लामिछाने, गोर्खा मिडियाका तत्कालीन उपाध्यक्ष छविलाल जोशीसहित १४ जनालाई पक्राउ गरेर अनुसन्धान गर्नका जिल्ला प्रहरी कार्यालय पर्सालाई अनुमति दिएको थियो ।

तत्कालीन समयमा लामिछाने प्रबन्ध निर्देशक रहेको समयमा सानो पाइला सहकारीबाट करिब आठ करोड रुपैयाँ गोर्खा मिडिया नेटवर्कमा गएको बताइएको छ । कास्की, रूपन्देही, काठमाडौ र चितवन जिल्ला अदालतले पक्राउ पुर्जी जारी गरेर जिल्ला–जिल्लामा बयान लिने क्रम जारी छ ।



**मौखिक बयान**

पूर्वगृहमन्त्री एवम् राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेसँग पर्सा प्रहरीले सोमबार मौखिक बयान लिएको छ । प्रहरीले लामिछानेसँग सोमबार सामान्य सोधपुछ मात्र गरेको हो । लामिछानेको औपचारिक बयान मंगलबार लिइने प्रहरीले जनाएको छ । जिल्ला सरकारी वकिलको कार्यालयसँग समन्वय गरी मंगलबार औपचारिक बयान लिइने पर्सा प्रहरी प्रमुख कुमोध ढुंगेलले बताए । लामिछानेलाई जिल्ला प्रहरी कार्यालयकै भिआइपी बस्ने कोठामा सुत्ने व्यवस्था गरिएको छ । कास्की प्रहरीको हिरासतमा रहेका लामिछानेलाई बयानका लागि पर्सा ल्याइएको हो । बयान सकेर उनलाई कास्की प्रहरीको जिम्मा लगाइने छ ।

**के हो सानोपाइलाको मुद्दा ?**

सहकारीको बचत दुरुपयोगसम्बन्धी संसदीय छानबिन विशेष समितिको प्रतिवेदनअनुसार ग्लोबल आइएमई बैंकमा रहेको गोर्खा मिडियाको खातामा सानो पाइलाबाट सातपटकमा आठ करोड ५८ लाख ४४ हजार रुपैयाँ जम्मा भएको छ । २०७८ साउन १९ गते एकै दिन चार करोड ९१ लाख ९४ हजार रुपैयाँ सारिएको थियो। अरू रकम २०७८ वैशाख ५ गतेदेखि २०७९ साउन १९ गतेसम्ममा सारिएको हो ।

संसदीय छानबिन समितिलाई दिइएको बयानअनुसार लामिछाने २०७७ माघ १ गतेदेखि २०७९ असार १ गतेसम्म गोर्खामिडियामा प्रबन्धक निर्देशक थिए ।

एक वर्षअगाडि सानो पाइला सहकारीका १ सय ७९ बचतकर्ताले संस्थाका सञ्चालक समिति, लेखा समिति तथा कर्मचारीविरुद्ध उजुरी दिएका थिए। प्रहरीका अनुसार सानो पाइला सहकारीका अध्यक्ष अनन्तबाबु राई, सचिव देवेन्द्रबाबु राई, प्रबन्धक असरफ अली सिद्धिकी, संरक्षक गितेन्द्र बाबु (जिबी) राईलगायत ११ जना फरार छन् । कोषाध्यक्ष कुमार रम्तेल पुर्पक्षमा छन् । सहकारी ठगी प्रकरणमा कास्की प्रहरीको थुनामा राखेर कात्तिक २ गतेदेखि लामिछानेमाथि अनुसन्धान भइरहेको छ ।

**रविलाई प्रेसर हाइ**

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको सोमबार मेडिकल चेकजाँच गरिएको छ । उनको जिल्ला प्रहरी कार्यालय पर्सामा मेडिकल चेकजाँच गरिएको हो । नारायणी अस्पतालबाट गएको डा. निरज सिंहको स्वास्थ्यकर्मी टोलीले सभापति लामिछानेको स्वास्थ्य जाँच गरेको हो । टोलीले परीक्षण गर्दा उनको 'ब्लड प्रेसर' बढेको जनाइएको छ । उनको प्रेसर बढेर १६०–११० पुगेको पाइएको छ । यद्यपि उनलाई जिल्ला प्रहरी पर्साको हिरासतमा राखिएको छ ।

**गितेन्द्रबाबु अप्ठेरोमा परेको यो प्रकरण**

कात्तिक २ गतेदेखि कास्की प्रहरीको पोखरा हिरासतमा रहेका रवि लामिछानेको पाँचौँ जिल्ला भ्रमण पर्सामा भएको छ । सानो पाइला सहकारी संस्थाको रकम हिनामिना प्रकरणमा पूरक उजुरी परेर अदालतबाट पक्राउ पूर्जी जारी भएपछि रवि यसपटक हवाई यात्राबाट सिमराबाट वीरगंज पुगेका हुन् ।

कुनैबेला वीरगंज पुगेर नागरिकता र बहुविवाहका मुद्दामा कारबाही गर्छु भन्ने भाषणबाज रविको यसपटकको वीरगंज यात्रा न 'रवि दाइ–हाइहाइ'का रुपमा भएको हो, न नयाँ शक्तिका कमाण्डरको राजकीय ठाँटको यात्रा हो, महिनौँदेखि हिरासतमा राखिएका एउटा आरोपी बयानका लागि प्रहरी घेरामा रहेर वीरगंज पुगेका छन् । यो रविको पाँचौँ जिल्ला भ्रमण हो । तर पर्साको सानो पाइला सहकारी संस्था त्यही संस्था हो, जहाँबाट नेपालका सहकारीहरुमा १६ अर्ब रुपैयाँ भन्दा बढी ठगेको आरोपमा फरार सूचीमा रहेका गितेन्द्र बाबु अर्थात् जिबी राईको सम्पत्ति रोक्का भएको थियो । तर चर्चा भने पोखराको सूर्यदर्शनका पीडितको आन्दोलनले बढी पायो ।

## महानगर प्रमुखको प्रयास



वीरगंज महानगरले सानो पाइलाका पीडितलाई न्याय दिन खोज्दा जिबी राईको सम्पत्ति रोक्कासँगै देश छाडेर भाग्नु पर्ने अवस्था बनेको पर्साबाटै हो । अर्थतन्त्रको मेरुदण्ड मानिएको सहकारीका नाममा अवैध नेटवर्किङ व्यापार धन्दा चलाएको र त्यसलाई संरक्षण गर्न टेलिभिजन खोलेर बचाउमा देशभरका पत्रकार नै प्रयोग गर्दा पनि कालोभन्दा नछोपिएपछि देश छाडेर भागेका सहकारी माफिया गितेन्द्रबाबु (जिबी) राई समूहले वीरगंजमा सर्वसाधारणको रकम जम्मा गरेर आफन्तलाई पोसेको पाइएपछि वीरगंज महानगरपालिकाले एक्सन लिएको थियो । पत्रकारलाई ७ महिनाको तलब खुवाउन नसकेपछि बन्द भएको ग्यालेक्सी टेलिभजनका अध्यक्षसमेत रहेका र शंकास्पद हिसाबले देश छाडेर फरार तथा सहकारी विभाग, सिआइबीमा उजुरी परेका राई समूहकै नेतृत्वमा वीरगंजमा सानो पाइला सहकारी संस्था सञ्चालनमा थियो ।

सर्वसाधारणले दुनियाँका जुठा भाँडा माझेर, फुटपाथमा चिया र तरकारी बेचेर कमाएको पसिना सहकारीमा बचत गर्दा संस्थाको सस्थापक तथा संरक्षक राईले आफन्त र आसपासकालाई मात्र करोडौँ ऋण प्रवाह गरेर सर्वसाधारणको करिब ९४ करोड रुपैयाँ लुटेका थिए । त्यहीमध्येको ३३ करोड रुपैयाँ भन्दा बढी हिनामिना र ग्यालेक्सी टेलिभिजनमा मात्रै ८ करोड रुपैयाँ गएको देखिएपछि लामिछानेलाई बयानका लागि पाँचौँ जिल्ला पर्सामा हवाई उडानबाट लगिएको छ ।

## छविलालका नाममा झण्डै दुई करोड ?





सानो पाइला सहकारीबाट छविलाल जोशीले मात्रै १ करोड ८६ लाख ९४ हजार ६ सय ४ रुपैयाँ ऋण लगेका छन् । उनी सहकारीका पूर्वसञ्चालक हुन् ।

जिबी राईका साझेदार हुन् । रवि लामिछानेसँगै कास्की प्रहरीको पोखरा हिरासतमा छन् । उनी नेपाल प्रहरीका पूर्वडिआइजी पनि हुन् । रमाइलो त के छ भने काठमाडौमा प्रहरी प्रमुख हुँदा बयानका लागि जिबी राईलाई बोलाएका छविलाल राईको गफमा भुलेर पछि जिबी लामिछानेकै साझेदार बने । अनि टिभी खोल्नका लागि जिबीलाई रवि लामिछाने भेटाउने पनि छविलाल जोशी नै हुन् । प्रहरीका पूर्व डिआइजी र काठमाडौ प्रहरी प्रमुख भइसकेका व्यक्तिलाई बयानका लागि पर्सा ल्याउने प्रहरी उपरीक्षक कुमोद ढुंगेल पनि वीरगंज र देशभर चर्चाका पात्र भएका छन् । एक्सनमा उत्रिने ढुंगेलको छवि र आफ्नै संगठनका वरिष्ठ अधिकृत छविलालसँगको बयान रोचक हुने देखिएको छ ।

## प्रदेश अध्यक्षमा तीन उम्मेदवार

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

नेपाल पत्रकार महासंघ, मधेस प्रदेश अध्यक्षमा तीनजनाको उम्मेदवारी परेको छ । प्रेस चौतारी र प्रेस युनियनले वीरगंजका श्याम बन्जारालाई उठाएको छ । यस्तै, पत्रकार महासंघ मधेस प्रदेशको अध्यक्षमा प्रेस सेन्टर, समाजवादी प्रेस संगठन नेपाल र प्रेस मञ्चले साझा उम्मेदवारका रुपमा प्रेस मञ्चका अवधेश झालाई उम्मेदवार बनाएको छ । यस्तै, अध्यक्ष पदमा नवलकिशोर यादवले पनि उम्मेदवारी दिएका छन् । यादव प्रेस युनियनबाट विद्रोह गरेर अध्यक्षका उम्मेदवार भएपछि बन्जारालाई चुनौती बनेका छन् । मंसिर २८ गते हुने निर्वाचनका लागि जनकपुरस्थित निर्वाचन कार्यालयमा सोमबार उम्मेदवारी दर्ता भएको हो ।

यस्तै उपाध्यक्ष पदमा प्रेस चौतारी र प्रेस युनियनबाट प्रेस युनियनका उपेन्द्र यादव, प्रेस सेन्टर, समाजवादी प्रेस संगठन र प्रेस मञ्चका तर्फबाट अम्बिका दाहाल, बाराका जयनारायण प्रसाद यादवको उम्मेदवारी परेको छ । यादवले पनि प्रेस युनियनबाट विद्रोह गरेर स्वतन्त्र उम्मेदवारी दिएका हुन् । महिला उपाध्यक्षमा ज्योति झा, हेम कुमारी बराल र रिंकु कुमारी दास, महासचिवमा शैलेन्द्र महतो क्रान्ति र राजन कुमार सिंहको उम्मेदवारी परेको छ । यस्तै सचिव पदमा रामहृदय यादव, सत्यप्रकाश यादव, गिरिराज ओली, दीपक गौतम, नवीन कुमार नवलले उम्मेदवारी दर्ता गराएका छन् भने सचिव (समावेशी)मा दीपक मिश्र, जयन्त ठाकुर, हरिश खुद्धार र राकेश गुप्ताले उम्मेदवारी दिएका छन् । कोषाध्यक्ष पदमा अनिल गौरब, अकुल प्रसाद साह र सविकुमार साहले उम्मेदवारी दिएका छन् । मधेश प्रदेश समिति २१ सदस्यीय हुनेछ ।

# पैसा वीरगंजको...

नेपाल राष्ट्र बैंकले भदौ १५ गते नै सहकारी सञ्चालकहरुको बैंक खाता रोक्का गर्न सबै बैंकहरुलाई पत्राचार गरेपछि भने स्थानीय सरकारको 'शक्ति' देखेर सहकारीका सञ्चालकहरु कछुवासँग दौडमा हारेको खरायो झैं भए । सहकारीका फरार सञ्चालकहरु एकाएक शिथिल बने । यति मात्र होइन, प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले भदौ ८ गते नै जिल्ला प्रहरी कार्यालय पर्सालाई पत्र लेखेर जनताको पैसा फिर्ता नदिने नियतका सञ्चालकहरुलाई कारबाहीको दायरामा ल्याउन निर्देशन दियो । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले भदौ १२ गते नै सहकारीका नाममा जनताको करोडौँ रकम अपचल गरेर मस्ती मारिरहेका गितेन्द्रबाबु राई समूहको नेपालभरको जग्गा रोक्का गरिसकेको थियो । यसपछि यता सहकारीका सञ्चालकहरु तिल्मिलाए, उता राई समूहकै नाममा कास्की, रुपन्देही र काठमाडौँका सहकारी पीडितहरु पनि जुर्मुराए ।

मेयरमाथि पनि प्रहार

वीरगंज महानगरका प्रमुख राजेशमान सिंहले यति एक्सन नलिएको भए अन्यत्र पनि विवाद बढ्थेन, भएभरको लुट धन्दा बाहिर आउथेन र देश छाडेर भाग्नु पर्थेन भन्दै राई समूह पनि वीरगंजका मेयर सिंहमाथि खनिन शुरु भए । राई देश छाडेर मलेसिया पुगेको चर्चा भयो । उनको समूहले देशभरका जनताको १६ अर्ब रुपैयाँ भन्दा बढी ठगेको पाइएको छ । राई समूहको दशाको सुरुवात गराउने राजेशमान सिंहविरुद्ध राई समूहकै निकट रहेकाले मिडियाबाजी त गरेकै थिए, वीरगंजमा पनि जनताको पैसामा तर मार्ने, राज्यधन लुटेर धर्मका नाममा सटर भाडामा लगाउने र राजनीतिक आडमा महानगरको करोडौँको जग्गालाई निजी आम्दानीमा पार्नेहरु हूल बाँधेर नगर प्रमुख सिंहको 'तेजोबध' गर्न तन, मन, धन लगाइरहेका थिए । राजेशमान सिंहलाई अनेक बदनाम गरेर निस्काम पार्न सकिन्छ कि भनेर एउटा स्वार्थी समूह अरबी घोडाको गतिमा दौडियो पनि । महानगर प्रमुख सिंहले अनियमतता, बदमासी, भ्रष्टाचार, हिनामिना, जग्गा, मन्दिर कब्जा गरेर तर मार्न बन्द गरिदिएपछि प्रहार अरु चर्को भएको थियो । तर अन्ततः जिबी राईलाई देश छाड्न बाध्य पार्ने र कारबाहीको दायरामा ल्याउँदा झण्डै चरित्र लिलाममा उत्रिएकाहरु रवि लामिछानेलाई वीरगंज बोलाएर अरु काण्डमा कारबाहीको भाषण गराउँथे । उनै रवि लामिछाने अहिले एक आरोपी बनेर बयान दिन पर्सा आइपुगेका छन् । जहाँबाट जिबी राईको दशा शुरु भएको थियो, त्यहीँ रवि लामिछानेका बयान दिन बाध्य छन् ।

को–को हुन् वीरगंजका जनताको बचत लुट्नेहरु ?

वीरगंजमा सानो पाइला बचत तथा ऋण सहकारीबाट ९४ करोड रुपैयाँ भन्दा ऋण लैजानेहरुको सूची हेर्दा लाग्छ, ऋण लिनेहरु वीरगंजका कोही पनि छैनन् । वीरगंजका सोझा जनताले पैसा बचत गरे, जिबी राईले मनलाग्दी आफन्तहरुलाई ऋणका नाममा यसरी पैसा बाँडे । कसले कति रकम लगेछन् ? हेरौँ यो विवरणः

१. भूपेन्द्र राईः ६५ लाख ९९ हजार ७ सय २४ रुपैयाँ
२. बिमला पौडेलः २ करोड ७ लाख २२ हजार ४ सय ६४ रुपैयाँ
३. तीर्थराज लामिछानेः १ करोड ६ लाख ६ हजार ६ सय २८ रुपैयाँ
४. ग्रेसी स्पुन रेस्टुरेन्टः ८६ लाख ६९ हजार १ सय ६० रुपैयाँ
५. नेचर हर्ब इन्टरनेश्नलः १ करोड ३७ लाख १३ हजार ७ सय ७१ रुपैयाँ
६. नेचर नेष्टः १ करोड ८५ लाख ५१ हजार २ सय २४ रुपैयाँ
७. स्प्रिङ उड रियलस्टेटः १ करोड १ लाख ३४ हजार ३ सय ५३ रुपैयाँ
८. कुमार रम्तेलः ८४ लाख १ हजार ८ सय ५१ रुपैयाँ
९. तस्बिरन खातुनः ५७ लाख २९ हजार ८ सय ८५ रुपैयाँ


अर्थात जिबी राईका आफन्तले मात्रै १० करोड ३१ लाख २९ हजार ६० रुपैयाँ ऋण भनेर लगेका छन् ।

केही अन्य ठूला ऋणीहरु पनि वीरगंजको जस्तो देखिन्नन्ः

१०. आकाश गुरुङः १ करोड ६ लाख ७७ हजार २ सय ४१ रुपैयाँ
११. आयुष कार्कीः १ करोड ८ लाख २५ हजार १ सय ९१ रुपैयाँ
१२. अजयबहादुर थारुः १ करोड ६ लाख ६९ हजार २ सय ४५ रुपैयाँ
१३. अक्षय वाग्लेः ८६ लाख ६७ हजार ८ सय १२ रुपैयाँ
१४. अनिल जिसीः ९६ लाख १७ हजार ८ सय २१ रुपैयाँ
१५. अन्जु पन्त सुवेदीः १ करोड ४ लाख ८६ हजार २ सय ४९ रुपैयाँ
१६. अनुप पाण्डेः ७९ लाख २९ हजार ८ सय २१ रुपैयाँ
१७. बबिता गुरुङः १ करोड ३ लाख ७८ हजार ८ सय २२ रुपैयाँ
१८. वर्षा ढुंगानाः १ करोड ५ लाख ५६ हजार २ सय ४४ रुपैयाँ
१९. विशाल थापाः १ करोड ६ लाख ८ सय ५२ रुपैयाँ
२०. विष्णुमाया गुरुङः १ करोड ६ लाख ५४ हजार ७ सय १६ रुपैयाँ
२१. बुद्धि गुरुङः ८६ लाख ७९ हजार ४ सय ५६ रुपैयाँ
२२. छविलाल जोशीः १ करोड ८६ लाख ९४ हजार ६ सय ४ रुपैयाँ
२३. छविराम ढकालः १ करोड ४ लाख ९९ हजार ३ सय ८० रुपैयाँ
२४. छत्रमणि भट्टराईः ८६ लाख ९१ हजार एकसय रुपैयाँ
२५. दिनेश रोकाः २ करोड ३९ लाख ४० हजार १ सय ७७ रुपैयाँ
२६. दीपा न्यौपानेः १ करोड ६ लाख ३९ हजार ५ सय ४२ रुपैयाँ
२७. दीपक लामाः १ करोड ६७ लाख ९५ हजार ३ सय ३५ रुपैयाँ
२८. दीपक न्यौपानेः १ करोड ५ लाख ६९ हजार ३ सय १० रुपैयाँ
२९. दिव्या गुरुङः १ करोड ८ लाख ३३ हजार ५ सय ९६ रुपैयाँ
३०. हेमन्त अधिकारीः १ करोड ६७ लाख १५ हजार ३ सय ७७ रुपैयाँ
३१. विशाल तामाङः ६ करोड ८३ लाख ६६ हजार २ सय ९४ रुपैयाँ
३२. नवीन आछामीः ३ करोड ४९ लाख २६ हजार १ सय ३८ रुपैयाँ
३३. रविना रिमालः २ करोड ८४ लाख ९३ हजार ७ सय ७९ रुपैयाँ
३४. गुण्जना गुरुङः १ करोड ४ लाख १५ हजार ३ सय ७५ रुपैयाँ
३५. ज्ञानबहादुर बम्जनः १ करोड २९ लाख ३ हजार ७ सय १४ रुपैयाँ
३६. हीरादेवी पुनः ७८ लाख २६ हजार ३ सय ९४ रुपैयाँ
३७. ईश्वर चालिसेः १ करोड ४ लाख ९० हजार १ सय ४८ रुपैयाँ
३८. कल्पना गिरीः १ करोड ४ लाख ५४ हजार ७ सय ९४ रुपैयाँ
३९. कल्पना सुवेदीः १ करोड ४५ लाख ५ हजार ८ सय ७५ रुपैयाँ
४०. कुन्दन थापाः १ करोड १८ लाख ४१ हजार ९ सय ६९ रुपैयाँ
४१. लक्ष्मण प्रसाद चापागाईंः ९३ लाख ८७ हजार ८ सय १९ रुपैयाँ
४२. लक्ष्मी कार्कीः १ करोड ७ लाख ८१ हजार ७ सय २० रुपैयाँ
४३. लिंका शाक्यः १ करोड ३ लाख ९९ हजार ३ सय २४ रुपैयाँ
४४. लोकनाथ शर्माः १,०९,८५,५९९ रुपैयाँ
४५. महेश गुरुङः ९८ लाख ६५ हजार ५ सय ८६ रुपैयाँ
४६. ममता नेपालीः १ करोड १२ लाख ५६ हजार ५ सय ४२ रुपैयाँ
४७. मनिषा विकः १ करोड ७ लाख ८५ हजार ४ सय रुपैयाँ
४८. मुना अधिकारीः १ करोड १८ लाख ७१ हजार ३ सय १५ रुपैयाँ
४९. नवीन सुवेदीः ९० लाख ११ हजार ३ सय ३७ रुपैयाँ
५०. नीता थापाः १ करोड ७ लाख ८९ हजार ५ सय १५ रुपैयाँ
५१. ओम प्रकाश गुरुङः १ करोड ७ लाख ११ हजार ९० रुपैयाँ
५२. पविना केसीः १ करोड ५ लाख ६६ हजार २ सय २० रुपैयाँ
५३. पार्वती राणाः १ करोड ८ लाख १४ हजार ५ सय ६५ रुपैयाँ
५४. प्रगति श्रेष्ठः १ करोड ६ लाख १४ हजार २ सय १५ रुपैयाँ
५५. पुष्पा थापाः १ करोड ५ लाख ५३ हजार ६ सय ६९ रुपैयाँ
५६. रचना श्रेष्ठः ८६ लाख ५६ लाख १ सय ६८ रुपैयाँ
५७. रेखा मिदुमः १ करोड ७ लाख १६ हजार ४ सय ६ रुपैयाँ
५८. रोशनी गुरुङः १ करोड २८ लाख १७ हजार ८ सय ९८ रुपैयाँ
५९. रुपा पुनः १ करोड ९५ लाख १६ हजार ४ सय ३३ रुपैयाँ
६०. सागर केसीः १ करोड १७ लाख ५८ हजार १ सय ३६ रुपैयाँ
६१. समिता श्रेष्ठः ८६ लाख ७० हजार १ सय ४१ रुपैयाँ
६२. सञ्चिता गौतमः १ करोड १२ लाख, ३४ हजार २ सय ७५ रुपैयाँ
६३. सञ्जय डंगोलः ७९ लाख २९ हजार ८ सय २१ रुपैयाँ
६४. सरद लुईंटेलः ७९ लाख ३३ हजार ७६ रुपैयाँ
६५. सरिता कार्कीः १ करोड ४ लाख ६ हजार ६ सय ३७ रुपैयाँ
६६. सोनी गुरुङः ९९ लाख ९९ हजार २ सय ७३ रुपैयाँ
६७. सुबोध भट्टः ७८ लाख ९५ हजार ७ सय ५८ रुपैयाँ
६८. सुमन भण्डारीः ८४लाख ५ हजार १ सय ५१ रुपैयाँ
६९. सुनिता गुरुङः १ करोड १३ लाख १७ हजार ९ सय ८१ रुपैयाँ
७०. सुनिता पुनः १ करोड ५ लाख ३२ हजार ५ सय ९४ रुपैयाँ
७१. सुरज श्रेष्ठः १ करोड ६ लाख ४७ हजार १ सय ४८ रुपैयाँ
७२. सूर्या चुवाईः १ करोड ५ लाख ६ हजार ६ सय ७२ रुपैयाँ
७३. सुस्मिता मानन्धरः १ करोड ६४ लाख ३४ हजार ३ सय ९७ रुपैयाँ
७४. सुस्मिता शर्माः १ करोड ९ लाख ५० हजार ७ सय १ रुपैयाँ
७५. स्यान्ड्रिक राजभण्डारीः १ करोड १० लाख ९९ हजार ६ सय ६६ रुपैयाँ

जम्माः ८३ करोड ३१ लाख ६८ हजार ६ सय १९ रुपैयाँ ।

# गढीमाई मेलामे दर्शनार्थीक भीड



**वीरगंज ।**
भारतक विहार राज्य अन्तर्गतको पूर्वी चम्पारणक सुरेन्द्र यादव धीयापूतासहित बाराक प्रख्यात गढीमाई मन्दिरक दर्शन करबाक लेल रैवदिन मध्यरातमे एलैथ । एत गढीमाई मन्दिरमे कबुला केलाक बाद मनोकामना पूरा भेल कहैत ओ महागढीमाई नगरपालिका–१ स्थित बरियारपुरमे दर्शन करबाक लेल आएल छैथ । एखन गढीमाई मन्दिरमे दर्शन करबाक भारतीय आ नेपाली दर्शनार्थीक भीड़ छै ।

'किछु समयपहिने गढीमाईकेँ कबुला केने छलौँ । माई हमर मनोकामना पूरा केलपर एखन माईके पूजाअर्चना करबाक लेल एलौ,' दर्शनार्थी यादव कहलैन, 'परिवारक सुख शान्ति आ समृद्धिक कामना करैत गढीमाई मन्दिरमे एनिहार दर्शनार्थीसभक संख्या उल्लेख्य मात्रामे अइछ ।'

बरियारपुरस्थित गढीमाई मन्दिरमे इएह अगहन १ गतेसँ पञ्चवर्षीय गढीमाई मेला चैल रहल अइछ । मेलामे भारतके विभिन्न राज्यसँ मात्रे नै तेसर देशक भक्तजन सेहो आएल छैथ । पाँच–पाँच वर्षमे मेला लागैत छै । जाहिमे भक्तजनसभके बहुत भव्य आ सभ्य ढङ्ग उपस्थित भेल करैत छैथ । नेपालक विभिन्न जिलासँ मेलामे लोक अबै छैथ ।

गढीमाई पञ्चवर्षीय मेला सञ्चालन तथा व्यवस्थापन मूल समितिक अध्यक्ष तथा महागढीमाई नगरपालिका प्रमुख उपेन्द्रप्रसाद यादव गढीमाई मेलामे दशनार्थीसभक सहभागिता अत्यधिक रहल बतौलैन । 'पहिने जकाँ अहुँ बेरक पञ्चवर्षीय गढीमाई मेलामे भक्तजनके उपस्थिति बहुत बेसी छै,' ओ कहलैन, 'सम्भवतः महिनाभैर चलैबला मेलामे करिब एक करोड़सँ बेसी बहुत दर्शनार्थीसभ उपस्थिति होबाक अपेक्षा केने छी ।' जाहिमे भारतीयके हिस्सा ६० प्रतिशत आ स्वदेशी ४० प्रतिशतके होबाक अनुमान छै ।

गढीमाईके पञ्चवर्षीय मेलामे दशनार्थीक अत्यधिक चापके कारण बाराक सदरमुकाम कलैयासँ मन्दिर रहल बरियापुरधैर अत्यधिक भीडभाड लागल छै । जाहिसँ ट्राफिक व्यवस्थापनमे कठिनाइ भेल अइछ । कलैयासँ बरियापुरमे दू पहिया, मोटरसाइकल, तीन पहिया अटोरिक्सा, ई–रिक्सा, जीप, कार, भ्यान, बस, मिनीबस, ट्रकलगायतके सवारीसाधनसँ मन्दिरक दर्शनलेल अबैबला बहुत छै । गामँक दर्शनार्थीसभ ट्र्याक्टर रिजर्भ क अबै छैथ ।

जिला ट्राफिक प्रहरी कार्यालय बाराक प्रमुख ट्राफिक प्रहरी निरीक्षक निलु दुवल गढीमाई पञ्चवर्षीय मेलामे सवारीसाधनके भीडभाड अत्यधिक रहल बतौलैन । 'दिनराइत दर्शनार्थीसभ रहैत अइछ,' ओ कहलैन, 'पर्याप्त जनशक्ति खटाए क ट्राफिक व्यवस्थापन भ रहल अइछ ।'

**दश हजार स बेसी पाडाक बली**

रैवदिन भोर ४ बजेसँ ६ बजेधैर धार्मिक परम्पराअनुसार पूजापाठ केलाक बाद ब्रह्मबाबा लग बनाएल मौलामे पञ्चबलि देल गेल छल । रैवदिन ६ बजेसँ दुपहरधैर पाडाक बलि देल गेल । पञ्चवर्षीय गढीमाई मेला व्यवस्थापन समितिक अनुसार करिब १० हजारसँ बेसी पाडाक बलि भ चुकल अइछ । आइ सेहो भोरैसँ छागरके बलि चढेबाक काज भ रहल अइछ ।

# देशमे स्थायित्व आ विकाशक गति आगू बढेबाक लेल सरकार दृढः गृहमन्त्री

**सुर्खेत ।**
गृहमन्त्री रमेश लेखक देशमे स्थायित्व आ विकाशके गति आगू बढेबाक लेल सरकार प्रतिबद्ध रहल बतौलैन अइछ ।



नेपाली कांग्रेस सुर्खेतद्वारा आइ वीरेन्द्रनगरमे आयोजना कएल गेल कार्यकर्ता भेटघाट कार्यक्रममे गृहमन्त्री लेखक सरकार जनताकेँ अनुभूति होबाक हिसाबेँ काज क रहल बतौलैन । देशमे स्थायी सरकार आवश्यक भेलाक कारण दू पैघ दलके गठबन्धनक सरकार बनल उल्लेख करैत ओ वर्तमान सरकारक मुख्य उद्देश्य देशमे स्थायित्व, विधिक साशन कायम करैत भ्रष्टाचार नियन्त्रण क सुशानसन कायम करब रहल बतौलैन ।

'देशमे विशेष किसिमक समस्या देखाएल समयमे पैघ दल मिल क राष्ट्रिय एजेण्डाकेँ सम्बोधन करबाक काज केने छी,' गृहमन्त्री लेखक कहलैन, 'देशमे अस्थिरता, अराजकता छल। बितल डेढ वर्षमे सम्मानीय प्रधानमन्त्री दु÷दू महिनामे संसद्मे विश्वासक मत लेबाक अवस्था आएल,' ओ कहलैन, 'सरकार अत्यन्त अस्थिर भेलासँ देशक आर्थिक गतिविधि चलायमान नै भ सकल । विकाशक काज सही ढङ्ग स आगू नै बइढ सकल । शान्ति सुरक्षा तथा विधिक शासनमे प्रतिकुल असर होब लागल रहए ।'

समग्रमे देशमे स्थायी सरकार चाही से मुख्य मुद्दाक कारण दू पैघ दलक गठबन्धनके सरकार बनल गृहमन्त्री लेखकक कहब छैन । सरकारक मुख्य उद्देश्य देशमे स्थायित्व, विधिक शासन कायम करैत भ्रष्टाचार नियन्त्रण क सुशासन कायम करब रहल ओ उल्लेख केलैन । आर्थिक विकाशक गतिविधि आगू बढेबाक आ ई संविधानकेँ रक्षा क सङ्घीय लोकतान्त्रिक शासन व्यवस्थाकेँ सुदृढ क देशमे टिकाउ शान्ति स्थापना करब सरकारक जिम्मेवारी रहल हुनक कहब छलैन । गृहमन्त्री लेखक कर्णाली सम्भावनायुक्त प्रदेश छी, एत जडीबुटी आ पर्यटकीय सम्भावनाकेँ अवसरमे बदलबाक समय आएल बतौलैन ।

कर्णाली प्राकृतिक सौन्दर्यताक प्रदेश भेल उल्लेख करैत गृहमन्त्री लेखक कहलैन, 'सबसँ बेसी विद्युत् उत्पादनके सम्भावना सेहो कर्णालीमे छै । एतेक बेसी सम्भावना छै जँ अपनासभ कमजोर छी से, मन छोट बनेबाक कोनो आवश्यक नै छै। अपनासभकेँ सम्भावनाकेँ कोना अवसरमे बदलब से सोचबाक चाही ।' कर्णाली प्रदेशक प्रहरी कार्यालय एखनो नेपालगञ्जसँ चलबाक अवस्था रहल कहैत ओ कार्यालय जल्दिए सुर्खेत अनबाक प्रतिबद्धता जनौलैन ।

# लुम्बिनीमा भारत–नेपाल सांस्कृतिक महोत्सव

**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
भगवान बुद्धको जन्मस्थल लुम्बिनीस्थित भारतीय दूतावासले लुम्बिनी विकास कोष र लुम्बिनी विश्वविद्यालयको सहकार्यमा दोस्रो संस्करणको भारत–नेपाल सांस्कृतिक महोत्सव लुम्बिनीमा गरेको छ ।



लुम्बिनी प्रदेशका मुख्यमन्त्री कृष्णबहादुर घर्तीमगर, उद्योग, पर्यटन तथा यातायातमन्त्री प्रचण्डविक्रम न्यौपाने, सामाजिक विकासमन्त्री जन्मजय तिमिल्सिना, लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामा, काठमाडौंस्थित भारतीय दूतावासका डिप्टी मिसन चिफ प्रशन्ना श्रीबास्तवले महोत्सव संयुक्तरुपमा उद्घाटन गरेका थिए ।

महोत्सवले बुद्ध धर्मलाई विशेष ध्यान दिएर भारत र नेपाल दुवैको समृद्ध सांस्कृतिक सम्पदा र परम्पराबारे चर्चा गरिएको थियो । महोत्सवमा नेपाल र भारतका चर्चित कलाकारले सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए । कार्यक्रमको मुख्य आकर्षणमा भारतीय सांस्कृतिक सम्बन्ध परिषद्को सहयोगमा भारतबाट आएको आठ सदस्यीय टोलीले बुद्ध धर्मको विषयवस्तुमा कत्थक नृत्य प्रस्तुत गरेको थियो । कार्यक्रममा स्वजन रघुवंशी र उनको समूहले नेपाली परम्परागत नृत्य प्रस्तुत गरेका थिए ।

कार्यक्रममा बुटवल उपमहानगरपालिकाका मेयर खेलराज पाण्डे, रुपन्देहीका प्रमुख जिल्ला अधिकारी, लुम्बिनी प्रदेश सभाका सांसद, नेपाल प्रहरी र सशस्त्र बलका अधिकृत, लुम्बिनी विकास कोषका सदस्य, नागरिक समाजको सहभागिता थियो ।

# कनेक्ट किसानको कृषि प्रदर्शनी सफलता पूर्वक सम्पन्न

**मधेशदृष्टि**
**बारा ।**
बाराको महागढिमाई नगरपालिकामा कनेक्ट किसानले आयोजना गरेको कृषि प्रदर्शनी सम्पन्न भएको छ ।



नेपाल सरकारका उपप्रधान तथा शहरी विकास मन्त्री प्रकाशमान सिंहले उद्घाटन गरेको कृषि प्रदर्शनीको सोमबार महागढिमाई नगरपालिकाका मेयर उपेन्द्र यादवले समापन गरेका हुन् । समापन कार्यक्रमलाई सम्बोधन गर्दै मेयर यादवले गढिमाई मेलामा पहिलो पटक फरक खाले प्रदर्शनी आयोजना गर्न सफल भएकोमा कनेक्ट किसानलाई धन्यवाद व्यक्त गरे । प्रदर्शनीको कारण कृषकहरुले नयाँ विषयवस्तु बुझ्ने र अवलोकन गर्ने अवसर पाउनुका साथै स्थानीय उत्पादनको प्रचार प्रसारमा सहयोग पुगेको बताए ।

विभिन्न पालिकाको स्थानीय उत्पादन, रैथाने बाली र कृषि सम्बन्धित बस्तु तथा सेवाको प्रवद्र्धन, सात प्रदेशको सात फरक परिकार र स्वाद , कृषिमा आधुनिक प्रविधि, नर्सरी तथा माछाको प्रदर्शनी, कृषि उपकरणमा विभिन्न कम्पनीका ट्रयाक्टर, रोटावेटर, हार्वेष्ट कम्पाईन तथा अन्य आवश्यक उपकरणहरु प्रदर्शनीमा राखिएको थियो । एक सातामा करिब १ लाखले अवलोकन भ्रमण गरेको कृषि प्रदर्शनीमा १० करोड बराबरको प्रत्यक्ष तथा बुकिङ कारोबार भएको कनेक्ट किसानको अध्यक्ष सञ्जिता लामिछानेले जानकारी दिइन् । कृषि सम्बन्धि हेभि ईक्वीपमेन्ट, ट्रयाक्टर तथा अन्य उपकरणको बढि बुकिङ भएको अध्यक्ष लामिछानेले बताइन् ।

प्रदर्शनीमा किसानहरुले कृषि तथा पशु सेवाका विशेषज्ञहरुसँगको प्रत्यक्ष कुराकानी र रोबोट सँगको कुराकानी विशेष आकर्षणको रुपमा रहेको थियो । कृषि सम्बन्धि नेपाल सरकारका विभिन्न निकायहरुको सहभागिता रहेको प्रदर्शनीमा निजी क्षेत्रको समेत गरी विभिन्न १०० वटा स्टलहरु रहेको थियो भने प्रदर्शनी मंसीर १८ गतेदेखि २४ गतेसम्म सञ्चालन भएको थियो ।

# प्रमुख सिंहद्वारा ‘मुकाम’ पुस्तक विमोचन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले ‘मुकाम’ नामक पुस्तकको बिमोचन गरेका छन् । नगरप्रमुखको कार्यकक्षमा सोमबार आयोजित एक कार्यक्रमकाबीच मेयर सिंहले पुस्तक बिमोचन गरेका हुन् । कार्यक्रममा बोल्दै नगरप्रमुख सिंहले वैभव वीरगंजको परिकल्पनालाई सार्थक बनाउन आर्थिक, धार्मिक, औद्योगिक र पर्यटन करिडोरलाई समेटेर पुस्तक प्रकाशित भएकोमा खुसी व्यक्त गरे । उनले पर्यटकीय सम्भावनाका हिसावले बीरगन्जलाई केन्द्रमा राखेर यस करिडोर अन्तर्गत पर्ने सिम्रौनगढ–ठोरी–माडीसम्मका गन्तब्य लगायत चुरियामाई सुरुङ्गदेखि यस क्षेत्रका धार्मिक मठमन्दिरलाई समेटेर विशेषाङ्क प्रकासित गरेकोमा मुकाम मिडिया नेटवर्कलाई धन्यबाद व्यक्त गरे । मुकामभित्र समेटिएका ठोरी, माडीदेखि सिम्रौनगढ सम्मका साँस्कृतिक ऐतिहासिक गन्तब्य लगायत पर्सा राष्ट्रिय निकुन्ज र चुरियामाई क्षेत्रसम्मको पर्यापर्यटनको सर्किटको रुपमा वैभव वीरगंजको धार्मिक पर्यटकीय सर्किट बनाउन सके यसक्षेत्रमा पर्यटनको विकास गर्न सकिनेमा उनको जोड छ ।



कार्यक्रममा मुकाम मिडियाका प्रकाशक गिता भुषालले नगरप्रमुख सिंहको वीरगंजलाई पर्यटनका माध्यमबाट समृद्ध बनाउने उद्देश्यलाई विशेषाङ्क मार्फत आफूहरुले उतार्ने प्रयास गरेको बताइन् । विशेषाङ्क बिमोचन कार्यक्रममा नगर प्रमुखका स्वकीय सचिव सत्यराज घिमिरे, जनसम्पर्क सल्लाहकार नवराज फुयाँल, आमसञ्चार माध्यम प्रबद्र्धन तथा नियमन समितिका संयोजक ध्रुब अधिकारी लगायतको सहभागिता रहेको थियो । यसअघि मुकाम मिडिया नेटवर्कका प्रकाशक गीता भुषाल, कार्यकारी निर्देशक जिके पोखे्रलले नगर प्रमुख सिंहलाई पुस्तक हस्तान्तरण गरेका थिए । नेपाली तथा अंग्रेजी भाषामा प्रकाशित मुकाम विशेषाङ्कले यहाँका गतिविधीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा जोड्ने हुँदा पर्यटन प्रबद्र्धनमा महत्वपुर्ण योगदान पुग्ने विश्वास लिईएको छ ।

# महानगरको प्रमुख प्रशासकीय अधिकृतमा कर्ण




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी अरबिन्दलाल कर्णले पाएका छन् । महानगरपालिकाका शैक्षिक महाशाखा प्रमुख रहेका कर्णलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिएसँगै कर्णले सोमबार नै पदभार सम्हालेका छन् । सोमबार एक कार्यक्रमकाबीच नगर प्रमुख राजेशमान सिंहले कर्णलाई कार्यकाल सफलताको शुभकामना सहित प्रमुख प्रशासकीय अधिकृतको रुपमा स्वागत गरेका हुन् ।

वीरगंज महानगरपालिकामा तत्कालिन प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराईको सरुवा भएसँगै महानगर प्रमुख प्रशासकीय अधिकृत विहीन बनेको
थियो ।

प्रमुख प्रशासकीय अधिकृत नहुँदा गएको एक महिनादेखि महानगरपालिकाको आर्थिक कारोबार ठप्प भएसँगै आवश्यक कामकारवाही समेत प्रभाबित हुँदै आएको थियो । कर्णले कार्यभार सम्हालेसँगै महानगरका सम्पूर्ण गतिविधि एक दुई दिन भित्रैमा सामान्य रुपमा आउने छ ।

# धनुषामा धान खरिद शुरु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मधेश प्रादेशिक कार्यालय, जनकपुरधामले धान खरिद प्रक्रिया शुरु गरेको छ ।

धनुषाको किसानबाट यस वर्ष ३२ हजार क्वीन्टल सोना मन्सुली धान खरिद गर्ने गरी सोमबारबाट शुरु भएको कार्यालय प्रमुख देवेन्द्र राईले जानकारी दिए । यसवर्ष सरकारले सोना मन्सुली धानको समर्थन मूल्य प्रतिक्वीन्टल तीन हजार पाँच सय ८० रुपैया ६२ पैसा तोकेको छ ।

स्थानीय तहका कृषि शाखाको सिफारिसमा तथा किसानले तोकिएको मापदण्ड पूरा गरेर ल्याएमा धान खरिद चेकमार्फत भुक्तानी गर्ने व्यवस्था मिलाइएको कार्यालय प्रमुख राईले बताए । यसअघि सो कार्यालयको धान खरीदका लागि धनुषाका प्रमुख जिल्ला अधिकारी राजुराम कडरियाको अध्यक्षतामा जिल्ला प्राथमिक धान खरिद समितिको बैठकबाट निर्णय गरी धान खरिद प्रक्रिया शुरु गरिएको उनले जानकारी दिए । बास्मती धानको मूल्य निर्धारण नभएकाले तत्काल त्यसको खरिद नहुने पनि जनाइएको छ । धनुषामा यस वर्ष ४१ हजार पाँच सय ६६ हेक्टर क्षेत्रफल जमिनमा एक लाख ६६ हजार दुई सय ६० मेट्रिकटन धान उत्पादन भएको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

# सहयोग संकलनबाट वृद्धाको घर निर्माण



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पर्यटकीय क्षेत्र ठोरी गाउँपालिका वडा नम्बर–३, ब्रम्हानगरमा कष्टकर जीवन व्यतित गर्दै आएका एक जना वृद्धाको लागि सहयोग संकलन गरेर घर निर्माण गरिएको छ । सामाजिक अभियन्ता ऋषी श्रेष्ठको पहलमा संकलन भएको ४ लाख ५६ हजारको लागतमा बनेको घर असहाय मैतिमाया श्रेष्ठलाई घर निर्माण गरेर हस्तान्तरण गरिएको हो । मैतीमाया लामो समयदेखि जङ्गल नजिकको खेतको बिचमा बस्दै आइकी थिइन् । बाटो , विजुली , खानेपानी सबैको अभावमा कष्टप्रद जीवन बिताइरहेकी मैतीमाया श्रेष्ठलाई सुरक्षित स्थानमा घर निर्माण गर्न सहयोगदाताहरूबाट सहयोग संकलन शुरु गरिएको थियो । आर्थिक सहयोगबाट ढुङ्गे बजारमा निर्माण गरिएको सो घरमा दुई कोठा, एक शौचालय र पुरानो घर सारेर भान्सा कोठा समेत बनाइएको छ ।






सम्पादकीय

# पत्रकारको चुनाव र महासंघ जोगाउने चुनौती

*नेपाल पत्रकार महासंघ पत्रकारहरूको हकहित, स्वतन्त्रता, र सम्मान सुनिश्चित गर्ने प्रमुख संस्था हो । यो संस्थाले पत्रकारिताको माध्यमबाट समाजलाई सुसूचित राख्न, सत्यतथ्य उजागर गर्न र लोकतन्त्रको जगेर्ना गर्न महत्वपूर्ण भूमिका खेल्दै आएको छ । लोकतन्त्रको बलियो आधार स्तम्भका रूपमा रहेका पत्रकारहरूको आवाज बुलन्द गर्न र उनीहरूको व्यावसायिक सुरक्षा सुनिश्चित गर्न महासंघले आफ्नो दायित्व निभाउनु अपरिहार्य छ । महासंघको केन्द्र, प्रदेश र जिल्लाको निर्वाचन यही मंसिर २८ गते हुँदैछ । महासंघले सबै पत्रकारहरूको प्रतिनिधित्व गर्नसक्ने, उनीहरूको समस्या समाधान गर्न सक्ने र भविष्यमा पत्रकारितालाई थप मर्यादित र प्रभावकारी बनाउने दिशामा अग्रसर हुनुपर्छ । यसका लागि पारदर्शिता, समानता र जिम्मेवारीपूर्ण नेतृत्वको आवश्यकता हुन्छ । सबै क्षेत्रका पत्रकारहरूको पहुँच हुनेगरी नीति निर्माण गर्ने, ग्रामीण र सहरी पत्रकारिताबीचको खाडल पुर्ने र प्रविधिमा आधारित नयाँ युगको पत्रकारितालाई आत्मसात् गर्न महासंघले प्राथमिकता दिनुपर्छ।*

*महासंघ २०१२ चैत १६ गते स्वतन्त्रताका हिमायती कृष्णप्रसाद भट्टराईसहितका अग्रजहरूले स्थापना गरेको आधिकारिक अभिलेख छ । यो अभिलेखका विषयमा पनि फरक मत राख्ने पत्रकार तथा एउटा तप्का कायम छ । निरंकुश पञ्चायती व्यवस्थाकमा कष्ट भोग्दै आएको नेपाली सञ्चार क्षेत्रले २०४६ सालको राजनीतिक परिवर्तनपछि भने केही राहत महसुस गर्न पाएको छ । २०४७ सालको संविधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका साथै प्रकाशन र प्रसारणको सुनिश्चितता गरिएपछि व्यावसायिक पत्रकारिताको अभ्यासमा महत्वपूर्ण साथ हुनपुग्यो । पत्रकारहरू समाजका आँखा, कान र आवाज हुन् । त्यसैले समाजका हरेक वर्ग, क्षेत्र र समूहका मुद्दाहरूलाई महासंघले आफ्नो कार्यदिशामा समेट्नुपर्छ । पत्रकारहरूलाई व्यावसायिक सुरक्षाका साथसाथै सामाजिक सुरक्षाको प्रत्याभूति पनि महासंघले दिन सक्नुपर्छ । यसले मात्र पत्रकारहरूलाई आफ्नो कर्तव्य निष्ठापूर्वक निर्वाह गर्न ऊर्जा मिल्छ।*

*महासंघको नेतृत्वको लागि योग्य उम्मेदवारले नीतिगत सुधार, पत्रकारहरूको हकहित र अधिकारको संरक्षण र समाजसँगको उत्तरदायित्वलाई प्राथमिकतामा राख्नुपर्छ । स्वतन्त्र र निष्पक्ष पत्रकारिताको रक्षा गर्न सक्ने, संस्थागत विकासमा समर्पित र नयाँ पुस्तालाई समेटेर लैजान सक्ने उम्मेदवारको जित सुनिश्चित गर्न पत्रकार समुदायले सचेत हुनुपर्छ । यस पटकको चुनावले महासंघलाई अझै बलियो, लोकतान्त्रिक र प्रभावकारी संस्था बनाउने नेताहरू चुन्ने अवसर प्रदान गरेको छ । समाज र पत्रकारिताको दुवै उज्ज्वल भविष्य सुनिश्चित गर्न सही नेतृत्वको चयन आजको आवश्यकता हो । साँच्चै पत्रकारिता क्षेत्रमा भविष्य देखेका र यसैमा जीवन बाँचिरहेका सदस्यहरुहरुले गहनन मनन गर्दै महासंघ जोगाउने नेता छानून्।*

# निराशाका आयाम



अभि सुवेदी

हिजोआज नेपालमा निराशा व्याप्त छ । केको निराशा हो अनि यसका कारण के हुन् भन्ने गाँठी प्रश्नहरू हुन् । तिनका उत्तर छन् तर ती जुन कुनै बनिबनाउ दर्शन भएर आउँदैनन् । त्यो यसै भेटिने नरनारीका कुरामा आउँछन् । बाटोमा हिँडेका सर्वसाधारण नरनारीलाई टक्क अड्याएर जीवन र समय विषयमा सोधिएका प्रश्नमा तिनले टेलिभिजनका स्क्रिनमा दिएका उत्तरमा निराशाका कुरा सुन्न सकिन्छ । पत्रपत्रिकामा प्रवाहित समाचारमा देख्न र सुन्न सकिन्छ निराशा । आक्रोशित मुद्रामा बोल्ने राजनीतिकर्मी अनि तिनका अनुयायीका बोलीमा सुन्न सकिन्छ निराशा।

हिजोआज निराशाको आयाम फराकिलो हुँदै गएको छ । यो झन् जटिल हुँदै गएको छ । एक साहित्यकार भएकोले विषयको जटिलता र बहुल पक्षलाई हेर्दा यसलाई निराशाको तेस्रो आयाम भनौँ कि जस्तो पनि लाग्छ । निराशाको विषयमा छलफल, चिन्ता र आलोचना गर्न सकिन्छ । तर खास अर्थमा निराशाको मीमांसा कसले गर्ने त ? यो प्रश्न अनुत्तरित छ । म निराशाको विषयमा छलफल गर्छु भने के म निराशामुक्त छु भन्ने प्रश्न आउँछ । त्यो पनि अनुत्तरित छ । मलाई पनि निराशाको वातावरणले प्रभावित गरेको छ । सबैतिर निराशा मात्र देखिन थालेपछि त्यसको प्रभाव सबैलाई पर्छ भन्ने कुरा सत्य हो।

आम निराशा एउटा शाश्वत तर वर्तमानसँग जोडिएको विषय हो । यो कुनै अमुक ठाउँको चरित्र होइन । यो सार्वभौमिक र सर्वकालिक हुन्छ । यो दर्शन र अधिचेतनाको विषय हो । यो वैरागीहरूको प्रिय विषय भएको छ । यसबाट गीतहरू जन्मिन्छन्, गाइन्छन् । यो विद्रोह गर्नेहरूको पनि आधार हो । घोर निराशा भएपछि मानिसहरू त्यसको कारण र निराकरण खोज्न जरक्क एकैसाथ उठ्छन् । नेपालमा बढ्दै गएको निराशाको वातावरण र मनोगत अवस्था हेर्दा निराशाको परिणाम के हुने हो भन्नेबारे हामीले सोच्नुपर्छ भन्ने लाग्छ।

त्यसो त निराशाबाट साहित्य र कला जन्मिन्छन् । तर सबैभन्दा चाखलाग्दो कुरा, निराशा राजनीति गर्नेहरूले खेल्ने विषय हो । राज्य र राजनीति सञ्चालन गर्नेहरूले चलाउने विषय हो । तिनका बोली, वचन र कर्मले गर्दा निराशा जन्मिन्छ तर ती थाहा पाउँदैनन् । थाहा पाएर पनि ती केही गर्ने हैसियत राख्दैनन् । यो छोटो लेख निबन्धजस्तो हुँदै गएको छ, तर यसको उद्देश्य त्यो होइन।

देशहरूले अहिले भोगेका निराशाका कुरा जटिल छन् । निराशा चिन्ता र चिन्तनको विषय हो । तर दिनदिनै मानिसको हत्या, मान्छेका घरगाउँ,शहर र बाटाघाटा ध्वस्त हुने अवस्थामा निराशा पनि मानिसको एउटा टड्कारो गुण भएको छ।

हिजोका एकाध कुरा गर्छु । युरोपको साहित्य अलिक बढी पढेको बेला थियो त्यो । दोस्रो विश्वयुद्ध र त्यस पछिको युरोपेली साहित्यको उदाहरण लिन्छु । साहित्यकार र चित्रकार अनि संगीतकार र वास्तुविद्हरूले अभिव्यक्ति दिएको विषयको कुरा गर्छु । उनीहरूले समयले सिर्जना गरेको मुड र अवस्थाको विषयमाथि काम गरे । निराशा उनीहरूको विषय थियो । तर उनीहरूले निराशाको ठाडो चित्रण गरेनन् । त्यसको चरित्र र प्रभावको चित्रण गरे । अब आशा छैन, कुरा बिग्रिसक्यो, खासै केही गर्न सकिँदैन भन्ने अवस्था हो निराशा।

त्यस्तो निराशा युरोपतिर युद्ध र त्यसपछिको कठोर जीवनले जन्माएको अवस्था थियो । जर्मन बमले १९३७ मा ध्वस्त पारेको स्पेनी बास्क प्रान्तको शहर गुएर्निकामा गएर पाब्लो पिकासोले बनाएको अर्द्धअमूर्त भित्तेचित्र अहिले त्यो बेलाको निराशाको युगीन चित्र भएको छ । त्यसलाई साहित्य र कलामा मोडर्निज्म–लगभग आधुनिकतावाद–भनियो।

प्यारिसको सडक छेउको त्यो बेलाको एक एकान्त ठाउँमा प्रसिद्ध मूर्तिकार अगस्त रोदाँले बनाए । प्रथम विश्वयुद्धपछिको निराशाजन्य काल अथवा १९१९ मा पूरा गरेर राखेको 'चिन्तक' शीर्षकको एउटा मानिसको मूर्ति छ । ठूलो र प्रभावकारी छ । तर अहिले त्यस निराश चिन्तकको वरिपरि भीड लाग्छ । त्यो एक्लो मानिसको मूर्तिकै नक्कलमा बनाएका मूर्तिहरूका ससाना आकार बेचिन्छन् । त्यो उत्तर निराशा वा उत्तर आधुनिक निराशा भएको छ । निराशाका पनि धारा र पारा हुन्छन् आजको युगमा। हाम्रा निराशा पनि जटिल भएका छन्।

अहिले त्यो आयाम नै अर्कै भयो । अहिले गाजा क्षेत्रमा बमले ध्वस्त अमुक घरको चित्रण नै हुँदैन । त्यो भयावह छ । त्यो निराशा मात्र होइन, बीभत्स अवस्था हो । फ्रान्सेली साहित्यमा अस्तित्वमाथिका तीव्र चिन्तन र चिन्ता अनि विचारहरूबाट बुझिने निराशाको सार विसंगत जीवन भयो।

एउटा घोर निराशामाथि फ्रान्सेली उपन्यासकार झँ पोल सार्त्रले लेखेका अंग्रेजीमा अनूदित रोड टु फ्रिडम शृङ्खला अनि निराशालाई विचारमा बदलेर अलबर्ट कामुले लेखेका विचार र उपन्यास खुबै चाखले पढेको थिएँ । भारत र पाकिस्तानको जन्म हुँदाको घोर हिंसा र बिचल्लीको विषयमाथि सदात मन्टोले लेखेका कथामा कठोर हिंसा र तनावले जन्माएका अवस्थाको चित्रण छ । त्यसमा निराशाको चित्रण छ। नेपाली साहित्य र कलामा पनि छन् चित्रण । साहित्य र कलाको प्रसङ्ग यत्ति नै।

गएका झन्डै एक दशकभन्दा बढी समयदेखि नेपालमा आएका परिवर्तन कुनै हामीले नै ल्याएका थियौँ भने कुनै प्राकृतिक महामारी कोभिड र भूकम्पले ल्याएका थिए । कुनै निराशाहरू माओवादी र राज्यको युद्धका दश वर्षका परिणाम थिए । सबै एकैसाथ आइलागे । तर अहिले आएका परिवर्तन उत्तरवादी चरित्रका छन् । यसलाई पोस्टालिटी भनेर हामी छलफलमा ल्याउँछौँ । ती परिवर्तनबारे नेपालका विज्ञ अनि विद्वान अनि इतिहासकारहरूले लेखेका छन् । उत्तरवर्ती परिवर्तनका मैले बुझेका चरित्रबारे केही लेख्छु अनि निराशाको विषयमा त्यसबाट निस्केका कुरा राख्दै यो छोटो लेख सिद्ध्याउँछु।

नेपालको उत्तरवर्ती चरित्र गणतन्त्रात्मक प्रजातन्त्रको स्थापना भएर आएको संविधान हो । यो ठूलो उपलब्धि हो । यसले काम गर्ने, राम्रा प्रयोग गर्ने, यो देशका मानिसको जीवन सुन्दर बनाउने अनि पुरानो सामन्ती युगका संस्कार बदल्ने अवसर र स्वतन्त्रता दियो । त्यो स्वतन्त्रता एउटा परम जीतको अवस्था थियो जनताको। त्यो अहिले पनि छ । तर त्यो स्वतन्त्रता र उत्तेजनाको ठीक प्रयोग गर्ने कुरामा हामी अलिक असफल हुँदै गयौँ । स्वतन्त्रताले ल्याएको उत्तेजनामा सिर्जनशीलता पनि हुन्छ । अथवा त्यो अवस्थामा मान्छे सिर्जनशील हुन्छन् । अब के–के न गर्ने अवसर मिल्यो भन्ने भावना राख्छन् । हामीले राख्यौँ । त्यो सही हो । तर त्यो उत्तेजनाले लिएका गति सबै ठीक किसिमका भएनन् । बढी धनको दुरुपयोग ग¥यौँ । यसको मामलामा भ्रष्ट नै भयौँ । हाम्रा भ्रष्टाचारी काम र राजनीतिको रुमानी सम्बन्ध गरायौँ।

धन आर्जनको कुरामा, जनताले तिरेको करको दुरुपयोग गर्ने कुरालाई लिएर रोमान्टिक भयौँ । दुःखको कुरा, यसो गर्नेमा राजनीति गर्नेहरू नै भए । संविधानले दिएको प्रजातन्त्र र त्यो प्रणालीबाट शासनमा आउनेहरूले भ्रष्ट आचरण गरी धन कमाउने र राज्य र शासनशक्तिमा बस्ने दुई कुराको रोमान्टिक सम्बन्ध बनाए । अहिले राजनीति गर्ने मानिस बिचरा नेता हुन्, तिनलाई कानून लगाउनु हुँदैन । यत्ति रोमान्टिक कुरा बुझ भन्ने सन्देश व्यापक भयो । कत्राकत्रा धनका भ्रष्टाचार हुँदा रहेछन !

सर्वसाधारण नरनारीले त्यो रोमान्स बुझेनन् । त्यसले जन्माएको राजनीतिको उत्तेजना मात्र बुझे । अनि थाहा पाए, अब केही हुने छैन । सुधारको आवाजहरू राख्ने संयन्त्र व्यापक भए तर तिनले केही नहुने बुझियो । साहित्य र संगीत अनि चित्रकलामा त्यो परिवर्तन र निराशा अथवा पूरा नभएका आशा युवकयुवतीले कसरी व्यक्त गर्छन् त भन्दै मैले केही साहित्यकार र संगीत मर्मज्ञहरूलाई सोधेँ । अहिले अकर्मण्य निराशा मात्रै छ कि केही अर्थ राख्ने निराश छ ?

सजिलो र सीधै जानकारी पाइने हुनाले संगीतकार, गायक लेखक र स्टुडियो सञ्चालक गिरीश सुवेदीलाई सोधेँ । मैले भनेँ,'भियतनाम युद्ध वरिपरि ताकाको अमेरिकी संगीतले विश्वव्यापी मुडमा परिवर्तन ल्यायो । त्यो समयको निराशालाई रक गायक जिमी हेन्ड्रिक्सले एक विद्रोही स्वर र संगीत रचनाबाट चिरे । गिटारै भाँचेर जान्थे ती मञ्चबाट । निराशाको अभिव्यक्तिको उदाहरण थियो त्यो । हाम्रो संगीतमा त्यस्तो के छ ?'

मैले उत्तर पाएँ,'छ, अहिले युवाहरू निराशा व्यक्त गर्छन् संगीतमा । ¥याप र त्यसका शब्द चयनमा छ सबै ।' नेपाली लोकदेखि आधुनिकसम्म धेरै लेखेकी र लेखिरहेकी बीबीसी र अन्य मिडियामा संलग्न लेखक सेवा भट्टराईलाई सोधेँ । तिनले भनिन्, 'गायनमा, लोक गायनमा पनि मुड हुन्छ । तिनमा समय चेतना आउँछ,आइरहेको छ । साहित्यकारहरूले आफ्ना भेला, लेखन अनि राजनीतिभन्दा अलग मञ्च र प्रकाशनमा निराशा व्यक्त गरिरहेका छन् । राजनीतिबाट सिधै प्रभाव पर्ने सर्वसाधारण जनता हुन । तिनका उत्तरहरू मिडिया, खासगरी प्रसिद्ध पोर्टलहरूबाट थाहा हुन्छ ।'

म झसङ्ग हुन्छु । उनीहरूका उत्तरमा निराशा छ । राज्य र राजनीति चलाउनेका कामप्रति अविश्वास छ । अहिले राजनीति गर्नेहरूको रोमान्स अनि भाइभाइका 'ब्रदर्स' सम्बन्ध अथवा 'ब्रोमान्स' जारी छ । नार्सिसस् ग्रन्थिले काम गर्छन् ती । जे मुड आयो, त्यो बोल्छन् । एउटै सिद्धान्त मान्नेहरूले अस्तित्ववादी कुण्ठाजस्ता कुरा र विचार दिएको सुन्छौँ टिभी र पत्रिकामा । विचार र सिद्धान्तले काम गर्दैन । अहिले आएको निराशा यही सन्धि भंग अथवा दायित्व निर्वाह नगर्ने तर दायित्व बोकेका मानिसहरूका कर्मबाट जन्मिएको चरित्र हो भन्ने देखिन्छ।

लेख लामो हुन्छ । यो लेखमा आफूलाई लागेको कुरा उठान मात्र गरेको हुँ । अहिले नेपालमा व्याप्त निराशा अमुक व्यक्तिका चरित्रले मात्र भएको होइन, ती र तिनका संगठन, सरकार र दायित्व बोक्नेहरूका असरल्ल कर्मबाट आएको हो । सरकारमा भएका मानिस मात्र होइन अरू संघ, संस्था र संगठनका चरित्र त्यस्तै हुँदै गएका छन्।

एकैसाथ जादुजस्तो यो सबै कसैले ठीक गर्न सक्तैन । धेरै ढिलो हुनुभन्दा पहिला नै सबैलाई चेत भयो भने यो देशमा धेरै कुरा बिग्रिसकेको छैन । निराशा चिर्ने कर्म गर्न सकिन्छ भन्ने लाग्छ । तर अहिलेको स्थिति हेर्दा र जताततै निराशा व्याप्त भएको र निराकरणमा काम गर्नेहरू अनुत्तरदायी र आत्मकेन्द्रित भएको देखेर हामी सबै किञ्चित निराश भएकै हौँ । तर समाधान भने झन् निराशामा भेटिने छैन । उकालो

# सामुदायिक वनमा कर हैन उद्यमशीलतामा जोड गर



डीआर घिमिरे

मुलुकमा तीन तहका सरकार छन् र तीनै तहले कर असुलीलाई प्रमुख स्रोत बनाएका हुन्छन् । राज्य सञ्चालनका लागि कर अनिवार्य छ, तर कोसँग लिने र कोसँग नलिने भन्नेबारेमा सार्थक बहस हुँदैन । त्यसमा पनि सामुदायिक वनहरुमा तीनै तहका सरकारले विभिन्न कर लिने गरेका छन्, जो अत्यन्तै अवैज्ञानिक छ । तीन तहमध्ये संघीय सरकारले वन पैदावार बिक्रीमा, प्रदेश सरकारले उत्पादन र निर्यात प्रक्रियामा थप तथा स्थानीय सरकारले सवारी, पैदावार र व्यापार शुल्कका नाममा कर लिन्छन्।

विडम्बना के छ भने यी करहरूमा न एकरूपता छ न त यसको व्यवस्थापनका लागि स्पष्ट नीति नै छ । केही पालिकाले आफ्नै नियम बनाएर मनोमानी कर असुल्न थालेका छन्, जसले उपभोक्ता समूहलाई मानसिक रुपमा कमजोर, समूहगत अपनत्वमा कमी, सहभागितामा निराशा र आर्थिक रूपमा संकटतर्फ धकेल्दै लगेको छ।

निश्चय नै प्रदेशको राजस्व अत्यन्तै साँघुरो छ । प्रदेशले करिब ९० प्रतिशत रकम संघबाट प्राप्त गर्छन् र चालू खर्चको करिब २५ प्रतिशत आफ्नो राजस्वले पूरा गर्छन् । यस अर्थमा प्रदेश वा स्थानीय सरकारहरु राजस्वको दबाबमा देखिन्छन्, तर उनीहरुमा नवीन सोचको अभाव छ । उनीहरुले परम्परादेखि उठ्दै आएको करलाई मात्र स्रोतको रुपमा बुझेका छन् । हरेक प्रदेश र पालिकामा फरक–फरक ढंगले कर उठाउने गर्दा सामुदायिक वनहरु अलमलमा छन् । सात वटा प्रदेशको कुरा गर्ने हो भने सबैमा फरक तरिकाले कर लगाइएको छ । कानूनतः फरक गरेर उनीहरुले अधिकारको उपयोग गरेका छन्, तर त्यसबाट सृजित समस्यातर्फ ध्यान दिन सकेका छैनन्।

प्राकृतिक स्रोत ढुङ्गा, गिटी, बालुवा, माटो आदिबाट स्थानीय सरकारलाई रोयल्टी सङ्कलन गर्न सकिने अधिकार स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ ले दिएको छ । तथापि वन ऐनमा यो व्यवस्था छैन । यसैलाई आधार मानेर कतिपय स्थानीय तहहरुले सामुदायिक वनहरुलाई कर बुझाउन ताकेता गर्दै आएका छन् । पाल्पाको तानसेन नगरपालिकाले मंसिर २ गते सबै सामुदायिक वनलाई पत्र लेखेर २०७४ सालदेखिको वन पैदावार बिक्री रकमको १० प्रतिशत रकम जम्मा गर्न भनेको छ । कैयौं यस्ता स्थानीय तह छन्, जो परम्परागत स्रोतलाई खोसेरमात्र स्रोत वृद्धि गर्न सकिने भ्रममा छन्।

प्राकृतिक स्रोतको अधिकतम उपयोग गरी समृद्धितर्फ लाग्नु आजको प्रमुख आवश्यकता भएकाले प्राकृतिक स्रोत सबैलाई समेट्ने गरी एकीकृत कानून आवश्यक देखिन्छ र यस्तो काम संघीय सरकारले पूरा गर्नुपर्ने हो, तर यस्ता विषयमा पनि ध्यान जान सकेको छैन । अधिवक्ता दिलराज खनालका अनुसार प्राकृतिक स्रोतमा स्थानीय समुदायको अधिकार स्थापित हुनुपर्छ भन्ने कुरा संसारभरि नै छ, तर नेपालको हकमा यो आशयलाई जनप्रतिनिधिमूलक संस्थाहरु र कर्मचारीतन्त्रले आत्मसात गरेको पाइँदैन।

कानूनतः प्राकृतिक स्रोतको आसपासमा बसोबास गर्ने बासिन्दालाई स्थानीय समुदाय मानेको पाइन्छ । यसरी हेर्दा कानूनतः स्थानीय समुदायलाई पहिचान र परिभाषित गर्दै स्रोतमाथिको अधिकारलाई ग्यारेन्टी गरिएको छ । नेपालको संविधानको धारा ५९ (४) ले प्राप्त लाभको निश्चित अंश प्रभावित क्षेत्र र स्थानीय समुदायलाई वितरण गर्नुपर्ने विषय स्थापित गरेकै छ र तदनुसार वन नियमावली, २०७९ ले वन क्षेत्रको कार्बन बिक्रीबाट वन विकास कोषमा जम्मा भएको रकममध्ये कम्तीमा ८० प्रतिशत लाभ कार्बन व्यापार परियोजना प्रभावित क्षेत्र र स्थानीय समुदायमा प्रवाह गर्नुपर्ने भनेको छ, तर यो आशयअनुसार समुदायले लाभ लिन सकेको छैन।

**प्रदेशका थरीथरी कर**

सिद्धान्ततः आन्तरिक उपभोक्ता भनेका वनका चौकीदार हुन् । त्यसैले उनीहरुसँग कर लिनुहुँदैन भन्ने सामुदायिक वन उपभोक्ता महासंघको मान्यता छ, तर कोशीबाहेक अरु सबैजसो प्रदेशले कर लिने व्यवस्था गरेका छन् । यद्यपि सर्वोच्च अदालतको अन्तरिम आदेशमा प्रदेशले लगाएका सबै कर खारेज गरिएको छ, तर आदेशपश्चात वन पैदावार शुल्कको नाममा कर लिन थालिएको छ।

शुरुमा लुम्बिनी प्रदेश यस मामलामा सबैभन्दा बढी अनुदार देखिएको थियो । यसले बाह्य र आन्तरिक दुवैमा २५–२५ प्रतिशत कर लिने निर्णय गरेकोमा महासंघको आन्दोलनपश्चात बाह्यलाई यथावत राख्दै आन्तरिकलाई १० प्रतिशतमा झारेको छ । यसबाहेक प्रदेशको आर्थिक ऐन २०८० अनुसार अन्यत्र बिक्री गर्दा प्रतिक्यू फिट लिलाम सकार मूल्यको २ प्रतिशत लिने गरेको छ।

कर्णाली प्रदेशको वन ऐनले पर्यापर्यटन कार्यक्रमबाट प्राप्त शुल्कको १० प्रतिशत, काठको हकमा समूह बाहिर बिक्री वितरण गर्दा प्राप्त रकमको १० प्रतिशत र आन्तरिक बिक्री वितरणबाट प्राप्त रकमको १ प्रतिशत लिने भनेको छ । सुदूर पश्चिमको आर्थिक ऐन २०८० ले बाह्य बिक्री विवरणबाट प्राप्त हुने आम्दानीको ४० प्रतिशत र आन्तरिक बिक्रीबाट प्राप्त आम्दानीको १५ प्रतिशत लिने व्यवस्था गरेको छ । उता वन ऐन २०७८ अनुसार समूहभन्दा बाहिर बिक्री गर्दा वा पर्यापर्यटन कार्यक्रमबाट प्राप्त रकममा पनि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसम्बन्धी प्रचलित कानूनबमोजिम भनेर उल्लेख गरेको छ।

गण्डकी प्रदेशले समूह बाहिर बिक्री गर्दा ३० प्रतिशत र समूहभित्र १० प्रतिशत तथा बाग्मती प्रदेशले ऐनअनुसार समूह बाहिरको हकमा १० प्रतिशत तथा प्रदेश आर्थिक ऐन २०८० अनुसार समूह बाहिर २० प्रतिशत लिने गरेको छ । मधेश प्रदेशको वन ऐन २०७७ ले भने समूह बाहिर बिक्री गर्दा १५ प्रतिशत लिने भनेको छ । प्रदेश आर्थिक ऐन २०८० ले भने वन पैदावार शुल्क लाग्ने व्यवस्था गरेको छैन।

कोशी प्रदेशले समुदायलाई कुनै कर नलाग्ने व्यवस्था गरेर फरक मापदण्ड बनाएको छ । वन ऐन २०७७ अनुसार पैदावार शुल्क लाग्ने व्यवस्था गरेको छैन । प्रदेश आर्थिक ऐन २०८० ले छोडपुर्जी जारी गर्दा साल, सिसौ र खयर जातमा प्रतिक्यू फीट ७ रुपैयाँ र अन्य प्रजातिको हकमा प्रतिक्यू फीट ३ रुपैयाँ लिने भनेको छ।

विडम्बना के छ भने कर असुल्न सम्पूर्ण तागत लगाइए पनि उनीहरुलाई सहजीकरण गर्ने मामलामा कर्मचारीतन्त्र अत्यन्तै रुखो बन्दै आएको महसुस गरिएको छ । अधिकांश उपभोक्ता समूहले वार्षिक कार्ययोजनाअनुसार वन पैदावारको सङ्कलन र बिक्री वितरण गर्न पाउँदैनन् । जसले गर्दा राजस्वमात्र घटेको छैन, बजारमा वन पैदावार उपलब्ध हुन नसकेर आयात गर्नुपर्ने अवस्था सृजना भएको छ । फलाम र स्टिलको बढ्दो प्रयोगले त्यसै पनि काठको बिक्री घट्दै गएको छ । यसका लागि पनि सरकारले स्पष्ट नीति बनाएर हाम्रो स्रोतको प्रयोग गर्न बाध्यात्मक अवस्था सृजना गर्नुपर्ने हो । यसो गर्दा आयात प्रतिस्थापनमा समेत सघाउ पुग्ने थियो।

**अन्तर्राष्ट्रिय अभ्यास**

विकसित देशहरू नर्वे र फिनल्यान्डले वन संरक्षणमा सहभागिता जनाउने समुदायलाई कर छुटका साथै अनुदानसमेत दिने गरेको पाइन्छ । क्यानडामा स्थानीय वन क्षेत्रको व्यवस्थापनमा समुदायलाई प्रत्यक्ष लगानी र सरकारी सहयोग छ । इन्डोनेसिया संसारको तेस्रो ठूलो ट्रपिकल रेनफरेस्ट क्षेत्र भएको देश हो । यस्ता ठूला वन क्षेत्रलाई संरक्षण गर्न सामुदायिक वन कार्यक्रमले सरकार, गैरसरकारी संस्था र समुदायबीच साझेदारीमा आधारित कार्यक्रम गरिन्छ । यहाँ स्थानीय समुदायलाई वनको उपयोग र व्यवस्थापन गर्न आदिवासी समुदायका परम्परागत अधिकारलाई मान्यता दिँदै अधिकारसहितको अनुमति दिएको पाइन्छ।

छिमेकी मुलुक भारतमा सामुदायिक वन व्यवस्थापनका लागि राजस्व साझेदारीको स्पष्ट प्रणालीको विकास गरिएको छ, तर नेपालमा सामुदायिक वनलाई करको भारी यसरी बोकाइएको छ कि यही अवस्था रहे केही वर्षभित्रै समुदायले हात झिक्ने अवस्था आउनेछ । त्यतिवेला न रहे बाँस, न बजे बाँसुरी हुनेछ । किनकि सरकारसँग वन संरक्षण गर्नसक्ने क्षमता छैन भन्ने कुरा व्यवहारले स्पष्ट गरेकै छ।

**कर अन्तिम विकल्प हैन**

अध्ययनहरुले देखाएका छन्– दिगो वन व्यवस्थापनको पद्धतिबाट काठ दाउराको उत्पादनले मात्र ३ खर्ब आम्दानी हुनसक्छ र ९–१० लाख व्यक्तिलाई रोजगारी दिन सकिन्छ । वनमा खेर जाने, आगलागीको प्रकोप बढाउने झाडी बुट्यान सफा गरी ब्रिकेट वा पेलेट बनाउँदा दर्जनौं उद्यम व्यवसाय सञ्चालनमा आउन सक्छन् । बायो पेलेटबाट मात्र ५ लाख टनसम्म जैविक ऊर्जा उत्पादन गर्न सकिन्छ, जसले सिमेन्ट तथा ईँटा कारखानामा प्रयोग हुने विदेशबाट आयातित पत्थर कोइलालाई विस्थापित गर्नसक्छ।

पर्यापर्यटनको माध्यमबाट वर्षको २० अर्ब आम्दानी र ५ लाख व्यक्तिलाई रोजगारी दिन सकिन्छ । जडिबुटीको माध्यमबाट ३ लाखभन्दा बढी रोजगारी सिर्जना गर्दै कम्तीमा ५८ अर्ब रुपैयाँ कमाउन सकिन्छ । तराईका १३ जिल्लाको वनजंगलबाट कार्बन उत्सर्जन गरेवापत यो वर्ष १ अर्ब ६० करोड आम्दानी भएको छ । जबकि नेपालले वार्षिक १५ अर्ब रुपैयाँ बराबरको कार्बन व्यापार गर्नसक्ने तथ्यांकले बताएको छ।


कुरा यति हो कि राजनीतिक नेतृत्व, कर्मचारी, समुदाय र वन विशेषज्ञका बीच सकारात्मक सोचका साथ घनीभूत छलफल हुनुपर्छ । समुदायमा आधारित वन व्यवस्थापनलाई उच्च प्राथमिकतामा राख्दै स्थानीय तहबाट नियमन गर्ने संरचना बनाउँदै नियन्त्रणमुखी मानसिकताबाट हैन, पर्याप्त स्वायत्तता दिनेतर्फ जोड दिनुपर्छ । मुख्य कुरा बहुसरोकारवाला संघसंस्थाहरुको सहभागितामा नीति नियम बनाउनुपर्छ । सरकारले रोजगारी सिर्जना गर्ने वन उद्यम र वन समूहहरुलाई प्रोत्साहित गर्नुपर्छ । सरकारले समुदायमार्फत काठ बेचेको आधारमा लिइने करतर्फ आँखा लगाउनुभन्दा रोजगारी सृजना गर्नेलाई सहयोग गर्ने र त्यस्ता उद्यम व्यवसाय वा रोजगार प्राप्तबाट कर लिनेतर्फ ध्यान दिने हो भने कैयौं गुणा धेरै आम्दानी हुनसक्छ।

अतः सामुदायिक वन व्यवस्थाको दिगोपनका लागि समुदायको उत्साह र अपनत्व महत्वपूर्ण हुन्छ । अनावश्यक करका कारण यो प्रणाली नै कमजोर हुँदै गएको मौजुदा अवस्थालाई रोक्न तीन वटै सरकारको सहकार्य अपरिहार्य छ । त्यस अर्थमा तीन वटै सरकारले सहमति गरेर कर प्रणालीलाई एकीकृत गर्दै एकद्वार प्रणाली लागू गरिनुपर्छ । सामुदायिक वन व्यवस्थापनलाई प्रोत्साहन गर्न अनुदानको रुपमा वित्तीय सहयोग गर्नुपर्छ । कर लागू गर्नुअघि प्रत्यक्ष सरोकारवालासँग छलफल गर्नुपर्ने प्रावधानलाई अनिवार्य गर्दै कर प्रणाली र अधिकारको सीमांकनका लागि स्पष्ट कानूनी व्यवस्था हुन जरुरी छ । साथै सामुदायिक वन व्यवस्थापनको दिगोपनका लागि अन्तर्राष्ट्रिय सफल अभ्यासलाई अनुकरण गर्नुपर्छ।

अन्तमा, जसरी उद्योगी व्यापारी वा हरेक क्षेत्रका सेवाग्राही सबैलाई पहिल्यै शंकाको दृष्टिले हेर्ने प्रणाली अन्त्य गर्नु जरुरी छ ।त्यसरी नै वन कार्यालयहरुले पनि समुदायलाई सहजीकरण गर्नुको साटो नियन्त्रण गर्ने परम्परालाई अन्त्य गर्नुपर्छ । डर, त्रास, भय सृजना गरेर मात्रै अनुशासन कायम रहन्छ भन्ने मानसिकता हरेक क्षेत्रमा हटाउन जरुरी छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# विकास निर्माणका अधुरा कामलाई गति दिइनेछः प्रधानमन्त्री



**झापा ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले झापाको दमक नगरपालिका–३, स्थित बेलडाँगी खानेपानी आयोजनाको उद्घाटन गरेका छन् ।
दुई दिवसीय भ्रमणका क्रममा आइतबार गृहजिल्ला आएका प्रधानमन्त्री ओलीले सोमबार खानेपानी आयोजनाको उद्घाटन गर्दै सन् २०३० सम्ममा सबै नेपालीलाई गुणस्तरीय खानेपानी उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे ।
जनताले घरमै धारो खोलेर पानी खान पाउँदा आफूलाई आनन्द लाग्ने बताउँदै सम्पूर्ण देशवासीलाई गुणस्तरीय पानीको व्यवस्था गर्न आफ्नो नेतृत्वको सरकार क्रियाशील रहेको उनले बताए ।
नेपाल कम्युनिस्ट पार्टी (एमाले)का अध्यक्ष समेत रहेका प्रधानमन्त्री ओलीले मुलुकका प्रमुख दुई ठूला दल मिलेर सरकार बनेपछि राजनीतिक स्थिरता र विकास निर्माण सुनिश्चित भएको प्रसङ्ग उल्लेख गर्दै विकास निर्माणका क्रममा लामो समयदेखि झेल्नुपरेका अवरोध र बाधा–व्यवधान अन्त्य गरी अधुरा योजना तथा कार्यक्रम सम्पन्न गर्ने लक्ष्यका साथ सरकार अघि बढेको स्पष्ट गरे ।
उनले देशव्यापी रूपमा बिजुली, कृषि, सञ्चार, उद्योग, सरसफाइलगायतका अभियान सञ्चालन गरी मुलुक र जनताका पक्षमा सकारात्मक परिणाम देखिने गरी काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।
कुल ५० करोड सात लाख ९२ हजार लागतमा निर्मित सो खानेपानी आयोजनाबाट नगरपालिका–२, ३ र ४ का छ हजार पाँच सय २१ घरधुरीका २६ हजार सात सय ४३ जनसङ्ख्या लाभान्वित हुनेछन् । कार्यक्रममा आयोजनाका लागि जग्गा दिने स्थानीयवासीलाई सम्मान गरिएको थियो ।
सो अवसरमा प्रथम महिला राधिका शाक्य, नेकपा (एमाले) का उपाध्यक्ष युवराज ज्ञवाली, कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्की, सङ्घीय खानेपानीमन्त्री प्रदीप यादव, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिसहित स्थानीय जनताको उल्लेख्य उपस्थित थियो ।रासस

# सुशासनका पक्षमा समग्र राज्य एक हुनुपर्छः मन्त्री सिंह



**काठमाडौं ।**
उपप्रधानमन्त्री एवं शहरी विकासमन्त्री प्रकाशमान सिंहले भ्रष्टाचारविरुद्धको दोस्रो राष्ट्रिय रणनीति तथा कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने तयारी गरिरहेको बताएका छन् ।
सोमबार काठमाडौंमा अन्तरराष्ट्रिय भ्रष्टाचार विरुद्ध दिवसको अवसरमा आयोजित कार्यक्रममा उनले भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि कार्यान्वयन गर्ने सम्बन्धी रणनीति तथा कार्ययोजना २०६९ को कार्यान्वयन तयारी भइरहेको बताएका हुन् ।
उनले दोस्रो राष्ट्रिय रणनीति तथा कार्ययोजना निर्माणको चरणमा रहेको बताए । उनले भने, 'भ्रष्टाचारलाई सरकारी सार्वजनिक, नीति क्षेत्र र नागरिक समाजसँग सहकार्य र सहयोगमा निवारण गर्ने लगायतका विषयलाई सम्बोधन गर्ने र भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धि कार्यान्वयन गर्ने सम्बन्धी रणनीति तथा कार्ययोजना २०६९ को कार्यान्वयनको समीक्षा गरी राज्यको विद्यमान संरचना अनुरुप भ्रष्टाचार रोकथामका लागि तीन तहका सरकारको भूमिकालाई समेत स्पष्ट गर्न सरकारले भ्रष्टाचार विरुद्धको दोस्रो राष्ट्रिय रणनीति तथा कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने तयारी गरिरहेको छ ।'
यस्तै, उनले भ्रष्टाचारविरुद्ध लड्न र सभ्य समाज निर्माण गर्ने कार्यमा सबै जिम्मेवार संयन्त्र, निकाय र प्रदाधिकारीहरुले आफ्नो दायित्वलाई जिम्मेवारीका साथ निर्वाह गर्न प्रतिबद्ध रहनुपर्ने बताए ।
उनले भने,'भ्रष्टाचार निवारणका लागि विभिन्न कार्यहरू गर्न, भ्रष्टाचारविरुद्ध लड्न, जनचेतना अभिवृद्धि गर्नेलगायतका कार्यक्रमको सन्दर्भमा भ्रष्टाचारविरुद्धको दिवस महत्त्वपूर्ण छ । भ्रष्टाचारविरुद्ध लड्न र सभ्य समाज निर्माण गर्ने कार्यमा सबै जिम्मेवार संयन्त्र, निकाय र प्रदाधिकारीहरूले गम्भीरतापूर्वक आफ्नो दायित्वलाई जिम्मेवारीका साथ निर्वाह गर्न प्रतिबद्ध रहनुपर्ने छ ।'
यसका साथै, भ्रष्टाचारले प्रजातान्त्रिक संस्थाहरूलाई कमजोर पार्ने काम गर्ने भन्दै यस प्रकारका समस्या समाधान गर्नको लागि साझा प्रयासका रूपमा संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूले भ्रष्टाचारविरुद्धको महासन्धि पारित गरी कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेको पनि उनको भनाइ छ ।रासस

# स्थायित्वका लागि सरकार दृढ छः गृहमन्त्री




**सुर्खेत ।**
गृहमन्त्री रमेश लेखकले देशमा स्थायित्व र विकासको गति अगाडि बढाउन सरकार प्रतिबद्ध रहेको बताएका छन् ।
नेपाली कांग्रेस सुर्खेतले सोमबार वीरेन्द्रनगरमा आयोजना गरेको कार्यकर्ता भेटघाट कार्यक्रममा गृहमन्त्री लेखकले सरकारले जनतालाई अनुभूति हुनेगरी काम गरिरहेको बताए ।
देशमा स्थायी सरकार आवश्यक परेका कारण दुई ठूला दलको गठबन्धनको सरकार बनेको उल्लेख गर्दै वर्तमान सरकारको मुख्य उद्देश्य देशमा स्थायित्व, विधिको साशन कायम गर्दै भ्रष्टाचार नियन्त्रण गरेर सुशानसन कायम गर्नु रहेको बताए ।
'देशमा विशेष किसिमका समस्या देखा पर्छन् त्यस्तो बेलामा ठूला दल मिलेर राष्ट्रिय एजेण्डालाई सम्बोधन गर्ने गरेका छौँ,' गृहमन्त्री लेखकले भने,'मुलकमा अस्थिरता, अराजकता हुन थाल्यो । गएको डेढ वर्षमा सम्मानीय प्रधानमन्त्रीले दुई÷दुई महिनामा संसद्मा गएर विश्वासको मत लिनुपर्ने अवस्था आयो,' उनले भने,'सरकार अत्यन्त अस्थिर हुँदा देशको आर्थिक गतिविधि चलायमान हुन सकेन । विकासका काम सही ढङ्गले अगाडि बढ्न सकेनन् । शान्ति सुरक्षा तथा विधिको साशनमा प्रतिकुल असर पर्न थाल्यो ।'
समग्रमा देशमा स्थायी सरकार चाहियो भन्ने मुख्य मुद्दाका कारण दुई ठूला दलको गठबन्धनको सरकार बनेको गृहमन्त्री लेखकको भनाइ थियो ।
सरकारको मुख्य उद्देश्य देशमा स्थायित्व, विधिको शासन कायम गर्दै भ्रष्टाचार नियन्त्रण गरेर सुशानसन कायम गर्नु रहेको उनले उल्लेख गरे ।
आर्थिक विकासका गतिविधि अगाडि बढाउने र यो संविधानलाई रक्षा गरेर सङ्घीय लोकतान्त्रिक शासन व्यवस्थालाई सुदृढ गरेर देशमा दिगो शान्ति स्थापना गर्नु सरकारको जिम्मेवारी रहेको उहाको भनाइ छ । गृहमन्त्री लेखकले कर्णाली सम्भावना बोकेको प्रदेश भएकाले यहाँ जडीबुटी र पर्यटकीय सम्भावनालाई अवसरमा बदल्नुपर्ने बेला आएको बताए ।
कर्णाली प्राकृतिक सौन्दर्यताको प्रदेश भएको उल्लेख गर्दै गृहमन्त्री लेखकले भने,'सबैभन्दा धेरै विद्युत् उत्पादनको सम्भावना पनि कर्णालीमा छ । यति धेरै सम्भावना छन् भने हामीले कमजोर ठान्नुपर्ने, मन सानो बनाउनुपर्ने भन्दा पनि हाम्रा सम्भावनालाई कसरी अवसरमा बदल्ने भन्नेमा लाग्नुपर्छ ।'
कर्णाली प्रदेशका प्रहरी कार्यालय अहिले पनि नेपालगञ्जबाट चलिरहेको अवस्था रहेको भन्दै उनले ती कार्यालय चाँडै सुर्खेत ल्याइने प्रतिबद्धता जनाए ।रासस

# उर्जामन्त्री थाइल्याण्डमा

**काठमाडौँ ।**
ऊर्जा,जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का थाइल्याण्डको बैँककमा आयोजित अन्तर्राष्ट्रिय माटो तथा जल सम्मेलनमा सहभागी भएका छन् ।
संयुक्त राष्ट्र खाद्य एवं कृषि सङ्गठन (एफएओ) को आयोजनामा थाइल्याण्डको बैँककमा आजदेखि सुरु भएकोसम्मेलनमा उनी सहभागी भएका हुन् ।
सम्मेलनमा आज सम्बोधन गर्दै मन्त्री खड्काले पानीको अभाव व्यवस्थापन र माटोको क्षयीकरण रोक्दै दिगो कृषि र खाद्य प्रणालीको विकासमा उच्चस्तरीय कार्ययोजना आवश्यक रहेको बताएको उनको सचिवालयले जनाएको छ ।
ऊर्जा, जलस्रोत र सिँचाइ क्षेत्रमा जलवायु परिवर्तनले पारेको असरलाई सम्बोधन गर्न सबै लाग्नुपर्नेमा जोड दिँदै ऊर्जामन्त्री खड्काले नेपालको अर्थतन्त्रको आधार कृषि भएकाले दिगो र लचिलो कृषि खाद्य प्रणाली सिर्जना गर्न विज्ञान, नवप्रवर्तन र नीतिलाई एकीकृत गर्न गरिने बताए ।
नेपालले सन् २०३५ सम्ममा २८ हजार ५०० मेगावाट जलविद्युत् उत्पादन गर्ने लक्ष्य लिएको तर जलवायु परिवर्तनका असरले हिमाली क्षेत्र परेको असरले यो क्षेत्र नराम्ररी प्रभावित भइरहेको उनको भनाइ थियो ।
मन्त्री खड्काले जल–ऊर्जा–खाद्य समस्याधलाई दिगो रूपमा सम्बोधन गर्न विश्वव्यापी सहकार्यका लागि आग्रहसमेत गरे । उनले जलवायु सङ्कट र सामाजिक–आर्थिक चुनौतीको सामना गर्दै जलस्रोत व्यवस्थापनमा उत्कृष्ट अभ्यास र प्राविधिक प्रगति प्रवर्द्धन गर्न थप सहकार्य, ज्ञान र साझेदारी आवश्यक रहेको बताए ।
तीन दिनसम्म चल्ने उक्त सम्मेलनमा नेपाल, थाइल्याण्ड, आयसल्याण्ड, पाकिस्तान, कम्बोडिया, भुटान, चिली जापानलगायतका दुई दर्जनभन्दा बढी देशका मन्त्री तथा उच्चपदस्थ अधिकारीको सहभागिता रहेको छ ।रासस

# तिलगंगा नेत्र विश्वविद्यालय विधेयक सकारात्मकः शिक्षामन्त्री



**काठमाडौं ।**
शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले तिलगङ्गा नेत्र विश्वविद्यालय विधेयक सकारात्मक रहेको बताएकी छन् ।
राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिमा सोमबार 'तिलगङ्गा नेत्र विश्वविद्यालय विधेयक २०८१' माथि भएको सैद्धान्तिक छलफलमा उनले आँखा स्वास्थ्यको क्षेत्रमा उत्कृष्ट प्राज्ञिक केन्द्रका रूपमा विश्वविद्यालयको स्थापना हुनु राम्रो रहेको बताइन् ।
उनले भनिन्, 'आँखा शरीरको महत्त्वपूर्ण तथा संवेदनशील अङ्ग हो । आँखा स्वास्थ्य क्षेत्रमा यसको अध्ययन, अध्यापन, अनुसन्धान आवश्यक छ । विश्वविद्यालय निर्माण गर्न आवश्यक छ । यो विधेयकलाई परिष्कृत गरेर अगाडि बढाउनुपर्छ ।'
बैठकमा विधेयक संशोधन प्रस्तावकर्ता सांसद पदमबहादुर परियारले विधेयक समसामयिक रहेको बताउँदै नेपालमा आँखा स्वास्थ्यमा काम गर्ने अरू पनि संस्था रहेकाले उनीहरुलाई पनि समेट्ने विषयमा छलफल गर्नुपर्ने बताए ।
संशोधन प्रस्तावकर्ता अर्का सांसद मदनकुमारी शाह (गरिमा)ले विधागत रूपमा विश्वविद्यालय बन्नु राम्रो थालनी भएको बताइन् ।
उनले भनिन्, 'दक्षताको हिसाबले पनि यो विश्वविद्यालय बन्नु राम्रो हो । यो स्वागतयोग्य निर्णय हो । तिलगङ्गाले आफैँ लेन्स उत्पादन गरेर निर्यात गर्नु पनि एकदमै राम्रो पक्ष हो ।'
समितिकी सदस्य सांसद जयन्तीदेवी राईले तिलगङ्गाले आँखा स्वास्थ्यमा सबैको मन जितिसकेको बताउँदै यो विधेयकलाई नरोक्न र यसलाई छिटो बढाउनुपर्ने बताइन् ।रासस

# सरकारले सुशासनका पक्षमा काम गरे साथ रहन्छः पुन



**दमौली ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का उपमहासचिव एवं पूर्वअर्थमन्त्री वर्षमान पुनले सरकारले सुशासनका पक्षमा काम गर्नुपर्ने बताएका छन् ।
प्रेस सेन्टर नेपाल तनहुँ शाखाले सोमबार दमौलीमा आयोजना गरेको पत्रकार सम्मेलनमा उनले आर्थिक समृद्धि हासिल गर्न सुशासन महत्वपूर्ण भएको उल्लेख गरे ।
आर्थिक समृद्धिको लक्ष्य लिँदै सुशासन र जनताको पक्षमा काम गर्नुपर्ने अहिलेको आवश्यकता रहेको उपमहासचिव पुनको भनाइ थियो । उनले सरकारले यसका लागि गर्ने हरेक कार्यमा आफ्नो पार्टीको साथ रहने बताए । 'सरकारले राम्रो काम गरोस् भन्ने हाम्रो चाहना हो । सरकारले जनताका पक्षमा र सुशासनका पक्षमा काम गर्नुपर्छ । यस्तो कार्यमा हाम्रो साथ र समर्थन रहनेछ । माओवादी पार्टी अहिले सरकार फेरबदलमा लाग्दैन', उपमहासचिव पुनले भने ।
उनले लोकतन्त्रको विकल्प लोकतन्त्र मात्रै भएका तर वर्तमान शासन व्यवस्थाका बारेमा कुरा उठ्न थालेकाले यसको सुधार आवश्यक रहेकामा उनको जोड थियो ।
उपमहासचिव पुनले भने, 'व्यवस्था त बदलियो तर अवस्था बदलिएन, हामी २०८४ को चुनावमा यही 'एजेन्डा' लिएर जनतामाझ जानेछौ । जनताले खोजेको पनि यही हो । अहिले हामी सङ्गठन सुधारको अभियानमा लागिरहेका छौँ ।' रासस

# 'वन संरक्षणमा आममहिलाको भूमिका सराहनीय'

**काठमाडौँ ।**
वन तथा वातावरण राज्यमन्त्री रुपा विकले वन र वातावरण संरक्षणमा आममहिलाको भूमिका सराहनीय रहेको बताएकी छिन् । सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालले लौङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानका सन्दर्भमा सोमबार काठमाडौँमा आयोजना गरेको कार्यक्रममा उनले प्राकृतिक स्रोत, वन तथा वातावरणसँग महिलाहरूको प्रत्यक्ष सम्बन्ध रहेकाले यसलाई सँगै लिएर संरक्षणका काम गरिनुपर्नेमा जोड दिइन् । 'वन र वनपैदावारको उपयोगसँग महिलाको अन्योन्याश्रित सम्बन्ध रहेको छ । यसको क्षतिबाट हुने असरमा पनि महिला नै सबैभन्दा बढी प्रभावित हुने गरेका छन् । नेपालको सामुदायिक वनको अभियानमा उहाँहरूको योगदान अत्यन्त महत्वपूर्ण छ । नेपालले गरेको वन तथा वातावरणको प्रतिबद्धता पूरा गर्न मन्त्रालय महिला दिदिबहिनीहरूसँग मिलेर अगाडि बढ्छ', राज्यमन्त्री विकले भनिन् ।
वन तथा वातावरण क्षेत्रका कैयौँ कानुन समयसापेक्ष नभएकाले समस्या भइरहेको भन्दै उनले तिनलाई सुधार, संशोधनका लागि तयारी भएको जानकारी दिइन् । राज्यमन्त्री विकले कानुनी समस्याका कारण वन क्षेत्र, खोला तथा नदी किनारमा बसिरहेका अधिकांश दलित, विपन्न समुदाय समस्यामा परिरहेकाले वन र निकुञ्जसँग सम्बन्धित कानून संशोधनका लागि पहल गरिने बताइन् ।
'वनक्षेत्र, खोला नजिक प्रायः दलित, गरिब, विपन्न समुदायको बस्ती हुने र वन्यजन्तुले उहाँहरूलाई नै बढी दुःख दिने समस्याबारे गुनासा हामीले सुनिरहेका छौँ । बस्ती हटाउन या वन्यजन्तु नियन्त्रण गर्न दुवै कार्य चुनौतीपूर्ण छ । यद्यपि क्षतीपूर्तिको व्यवस्था हुने गरी कानुन आवश्यक देखेका छौँ । यस विषयमा बृहत् छलफल गरेर अगाडि बढ्छौँ', उनले भनिन् ।
महासङ्घका अध्यक्ष ठाकुर भण्डारीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सहजीकरण महासचिव पार्वता गौतमले गएको थियो ।रासस

# अन्तर्राष्ट्रिय पदक विजेता सम्मानित


काठमाडौं ।
प्रयास मञ्च नेपालले अन्तर्राष्ट्रिय आमन्त्रण मास्टर्स एथलेटिक्स प्रतियोगितामा पदक जित्ने सफल खेलाडीलाई सोमबार सम्मान गरेको छ । गत नोभेम्बर १६ र १७ तारिखमा भारतको पश्चिम बङ्गालको कुचविहारमा भएको प्रतियोगितामा नेपाली भेट्रान धावकहरूले विभिन्न स्पर्धामा आठ स्वर्ण, चार रजत र दुई कास्य पदक प्राप्त गरेका थिए । गीतकार समेत रहेका ६५ वर्षमाथिको उमेर समूहमा १० किलोमिटर दौडमा बुद्धवीर लामाले स्वर्ण, ५०–५५ वर्षको उमेर समूहमा धर्म महर्जनले चार सय, पाँच हजार र १० किलोमिटर दौडमा स्वर्ण, ६५ वर्षमाथिको उमेर समूहतर्फ पुष्पलाल श्रेष्ठले पाँच हजार मिटर दौडमा स्वर्ण र १० किलोमिटर दौडमा रजत, ५०–५५ वर्ष उमेर समूहमा कपिल भट्टले दुई सय मिटर दौडमा रजत र पाँच हजार मिटर दौडमा कास्य तथा ४५–५० वर्ष उमेर समूहतर्फ महेन्द्र बज्राचार्यले १० किलोमिटर दौडमा कास्य पदक प्राप्त गरेका थिए । त्यस्तै ४०–४५ वर्ष वर्ष उमेर समूहतर्फ राकेश महर्जनले एक हजार पाँच सय, पाँच हजार र १० किलोमिटर दौडमा स्वर्ण तथा ४०–४५ वर्ष उमेर समूहतर्फ दिनेश महर्जनले पाँच हजार र १० किलोमिटर दौडमा रजत पदक प्राप्त गरेका थिए ।
यस्तै ४५–५० वर्ष वर्ष उमेर समूहतर्फ १० किलोमिटर दौडमा सहभागी भइ दौड पूरा गरेका लाक्पा शेर्पा लामा र जहरमान गुरुङलाई पनि सम्मान गरिएको थियो । सोही अवसरमा विश्व प्रहरी सङ्गठनबीच भएको विभिन्न दौड प्रतियोगितामा स्वर्ण पदक जितेका निमेश गुरुङलाई सम्मान गरिएको थियो । उनीहरूलाई युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी, नाइटिङ्गेल स्कुलकी प्रिन्सिपल रञ्जना प्रधान र प्रयास मञ्च नेपालका अध्यक्ष शिवध्वज कार्कीले एक कार्यक्रमबीच प्रशंसापत्रसहित सम्मान गरेका थिए । अन्तर्राष्ट्रिय आमन्त्रण मास्टर्स एथलेटिक्स प्रतियोगिताको समापनका अवसरमा आयोजक मास्टर्स गेम एसोसिएसन, बङ्गाल र कुचविहार मास्टर्स एसोसिएसनले बुद्धवीर लामालाई 'लाइफ टाइम एचिभ्मेन्ट' अवार्ड पनि प्रदान गरेको प्रयास मञ्च नेपालले जनाएको छ ।रासस

# किवीभन्दा अलैँचीबाट नै फाइदा



'अब यो किवी उखेलेर अलैंची नै लगाउने हो,' मकैबारी मासेर किवी लगाएका किसान विनोद खतिवडाले भने । करिब सातदेखि १० वटा किवीका झाङ अटाउने जगगामा एक मन अलैंची फल्ने भन्दै उनले किवीभन्दा अलैँचीबाट नै दशौं गुणा फाइदा हुने बताए । सुरुमा मकै छर्ने टार बारीमा हाल करिब २० बोट किवी रोपेका छन् । किवी र अलैंची तुलना गर्दै उनी भन्छन्, 'सवेला किवी लगाएको ठाउँमा अलैंची लगाएको भए दुई मन माथि फल्ने थियो, अहिलेको भाउमा पनि दुई लाखमाथि नै हुन्थ्यो ।'
करिब २० बोट किवीबाट पाँच हजारको पनि आम्दानी नभएको उनको भनाइ छ । इलाम सन्दकपुर गाउँपालिकाका किसान विनोद खतिवडाले मात्र होइन, सो क्षेत्रका अधिकांश किसानले बारीमा किवी लगाएका छन् । अलैंचीबराबरको मूल्य अन्य खेतीबाट हुन नसक्ने किसान बताउँछन् । अहिले राम्रो गुणस्तरीय किवी प्रतिकिलो एक सयदेखि डेढ सयसम्ममा बिक्री भइरहेको छ, तर अलैंची प्रतिकिलो दुई हजार आठ सय माथिले बिक्री भइरहेको छ । अलैंचीको मूल्य हाल एक लाख १५ हजारसम्मले कारोबार भइरहेको छ ।
कुनै वेला प्रतिकिलो ६ सय माथिले कारोबार भएको किवी हाल बिक्रीसमेत समस्या भइरहेको किसानहरूको भनाइ छ । बिक्री भएको किवीसमेत कम मूल्यमा गइरहेको किसान बताउँछन् । किवीमा जुन लागत छ सोअनुसारको आम्दानी नहुने गरेको उनीहरू बताउँछन् । किवीको बजारीकरणमा समस्या रहेको किसान ठाकुर खतिवडाको भनाइ छ । किसान आफैँले बजारीकरण गर्नुपर्ने, मूल्यसमेत आलुबराबर मात्र पाइने गरेको उनले बताए । सुरुमा किवी गर्ने किसानले बिरुवा र दानाबाट राम्रो आम्दानी गरेको भए पनि हाल सो मूल्य कायम हुन नसक्दा किसानमा निराशा पैदा भएको छ । सोचेजस्तो आम्दानी नभएको किसान रुद्र खतिवडाले बताए ।
किवीलाई फलफूलको राजासमेत उपनाम दिइएको छ । एउटै किवीबाट धेरैवटा फलफूलमा पाइने भिटामिन र स्वाद हुने भएकाले यसलाई उच्च गुणस्तरको फलका रूपमा लिइन्छ । तर, बजारीकरणमा सरकार तथा सम्बन्धित निकायले चासो नदिएको किसानको आरोप छ ।
धेरै पौष्टिक तत्त्वले भरिपूर्ण मानिएको किवी फल इलामसहित काभ्रे, पाँचथर, संखुवासभालगायत जिल्लामा समेत खेती हुँदै आएको छ । पश्चिमी जिल्लाहरूमा समेत पछिल्लो समय इलामबाट नै बिरुवा जान थालेको छ । किवी फलको खेती तथा उपभोग दर विस्तार हुँदै गएको पाइन्छ ।
यस फलको बोट रोप्दा नै भाले र पोथी प्रजाति पहिचान गरी सँगसँगै रोप्नुपर्दछ । भाले–पोथीको परागसेचन नभएमा यसको उत्पादन हुँदैन । भमरा, माहुरीलगायतले फूलमा भएको रस चुस्ने क्रममा यसको परागसेचन हुने गरेको छ । यसलाई हाँगा (डाँठ) र दिउलबाट पनि थप बिरुवा उत्पादन गर्ने गरिएको छ । रोपेको चौथो वर्षदेखि नै किवी फलको आम्दानी लिन सकिन्छ ।
पहाडी भूभागमा यसको उत्पादन राम्रो हुन्छ । सामुद्रिक सहतदेखि एक हजार दुई सय मिटरदेखि माथि दुई हजार चार सय मिटरसम्मको उचाइमा किवी फलको खेती गर्न सकिने बताइएको छ । रोपेको चौथो वर्षदेखि नै किवी फलको आम्दानी लिन सकिन्छ । पहाडी भूभागमा यसको उत्पादन राम्रो हुन्छ ।
इलाममा करिब कुल ७८० हेक्टरमा किवीखेती हुने गरेको कृषि ज्ञान केन्द्र इलामका सूचना अधिकारी तथा कृषि प्रसार अधिकृत जीवन ठाडामगरले बताए । अघिल्लो वर्ष दुई हजार ८५२ मेट्रिकटन किवी उत्पादन भएको उनले जानकारी दिए । किवीलाई प्रशोधन गरेर जुस, जामसमेत बनाउन सकिन्छ । जुस, जाम वा अचार बनाउनसमेत पहल गर्ने हो भने किवीलाई पुरानो मूल्यमा फर्काउन सकिने किसानहरूको भनाइ छ ।रासस

# भारतीय उच्च कूटनीतिज्ञ बङ्गलादेशमा



ढाका
विद्यार्थी नेतृत्वको क्रान्तिमा पूर्वप्रधानमन्त्री शेख हसिनालाई अपदस्थ गरेपछि उत्पन्न दुई छिमेकी देशबिचको तनाव कम गर्न भारतको उच्च कूटनीतिज्ञ सोमबार बङ्गलादेश पुगेका छन् ।
पूर्व प्रधानमन्त्री हसिना प्रशासनलाई भारतले कडा समर्थन गरेको थियो । बङ्गलादेशमा विद्यार्थीले सरकारी जागिरको कोटा प्रणालीमा गरिएको अनियमिततालाई देखाउँदै सुरु गरेको आन्दोलनले उचाइ लिँदा ७७ वर्षीया हसिना आफ्ना परिवारका केही सदस्यसहित हेलिकप्टरबाट नयाँ दिल्लीमा पुग्नुभएको थियो । बङ्गलादेशले उहाँको सुपुर्दगीको माग गर्ने घोषणा गरेको छ ।
नोबेल पुरस्कार विजेता तथा प्रजातान्त्रिक सुधारहरू कार्यान्वयन गर्ने जिम्मा पाएको अन्तरिम सरकारका नेता मुहम्मद युनुसको नेतृत्वको प्रशासनसँग भारतीय कूटनीतिज्ञले औपचारिक छलफलका लागि ढाका पुगेको यो पहिलो अवसर हो । भारतीय विदेश मन्त्रालयका सचिव विक्रम मिश्र हसिनाको बहिर्गमनपछि दुवै देशका उच्च अधिकारीबिच पहिलो पटक व्यक्तिगत बैठकका लागि सोमबार बङ्गलादेशको राजधानी ढाका पुगेका हुन् ।
'दुई देशबिचको सम्बन्धमा गुणात्मक परिवर्तन आएको छ भन्ने कुरालाई स्विकार्नु आवश्यक छ,' बङ्गलादेशका विदेशमन्त्री तौहिद हुसेनले मिश्रको भ्रमणअघि भने ।
वास्तविकतालाई स्वीकार गर्दै सम्बन्धलाई अगाडि बढाउनुपर्छ, उनले भने । मिश्रले ढाकामा रहँदा तौहिद र युनुससँग भेटघाट गर्ने कार्यक्रम थियो । भारतले मुस्लिम बहुल बङ्गलादेशको हसिनापछिको आफ्नो अल्पसङ्ख्यक हिन्दु समुदायलाई सरकारले प्रतिशोधपूर्ण आक्रमणबाट पर्याप्त संरक्षण गर्न नसकेको आरोप लगाउँदै आएको छ । गत महिना राजद्रोहको आरोपमा बङ्गलादेशमा एक प्रमुख हिन्दु धार्मिक व्यक्तिको गिरफ्तारीले तनावलाई अझ बढाएको छ ।
प्रधानमन्त्री नरेन्द्र मोदीको भारतीय जनता पार्टी र यसका समर्थकहरूले आफ्नो सरकारलाई ढाकाको बारेमा थप कठोर अडान लिन आग्रह गरेका छन् । युनुसको प्रशासनले हिन्दूहरूमाथि भएको आक्रमणलाई बारम्बार स्वीकारेको छ र निन्दा गरेको छ । कतिपय घटनाहरूमा उनीहरू धर्मभन्दा राजनीतिबाट प्रेरित भएको युनुस प्रशासनको बुझाइ छ । युनुसले भारतले हिंसाको मात्रालाई अतिरञ्जित गरेको र आफ्नो सरकारविरुद्ध 'प्रोपोगान्डा अभियान' चलाएको आरोप लगाउनुभएको छ । हसिनाको पलायनपछि बङ्गलादेशमा भारतविरोधी थुप्रै सडक प्रदर्शन भएका छन् । आइतबार विपक्षी बङ्गलादेश नेसनलिस्ट पार्टी (बीएनपी) का सयौं कार्यकर्ताले ढाकास्थित भारतीय उच्चायोग (दूतावास)सम्म मार्च निकालेका थिए तर प्रहरीले बाटो रोकेपछि शान्तिपूर्णरूपमा तितरबितर भएका थिए ।रासस

# बीमा प्राधिकरणका अध्यक्षविरुद्ध भ्रष्टाचार मुद्दा



काठमाडौं ।
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्य प्रसाद सिलवालविरुद्ध भ्रष्टाचारमुद्दा दायर गरेको छ ।
पटकपटक नागरिकताको विवरण हेरफेर गरी व्यक्तिगत लाभ लिएको अनि राहदानीमा केरमेट र जालझेल गरेको आरोपमा उनीविरुद्ध मुद्दा दायर भएको हो । उनले २४ फागुन २०३२ मा नागरिकताको प्रमाणपत्र लिएका थिए । पछि जिल्ला प्रशासन कार्यालयबाट २०६६ सालमा प्रतिलिपि लिँदा २२ कात्तिक २०१६ साल भनी जन्म मिति उल्लेख गरेका थिए ।
तर निजामती सेवा प्रवेश गर्दा नै उनले १५ साउन, २०१५ भनी जन्ममिति घोषणा गरेका थिए । सिटरोलका साथै त्रिभुवन विश्वविद्यालयको प्रमाणपत्रमा समेत त्यही जन्म मिति उल्लेख थियो । त्यही विवरणलाई आधार मानेर उनले १५ साउन २०७३ मा अवकाश लिएका थिए ।
पछि उनी बीमा समितिको अध्यक्षमा नियुक्त भए । त्यतिबेला सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ अनुसार राजनीतिक नियुक्ति र मनोनयनमा सार्वजनिक पदमा पुगेको व्यक्ति ६५ वर्ष पूरा भएका व्यक्ति अवकाश हुनुपर्ने व्यवस्था थियो ।
तर, १५ साउन २०८० मा अवकाश पाउनुपर्ने सिलवालले पछि भने आफ्नो जन्म मितिबारे फरक दाबी गरे । २४ कात्तिक २०१८ मा आफ्नो जन्म मिति रहेको दाबी गर्दै उनले ६५ वर्षपछि समेत पदमा बहाल रहेको भन्दै अख्तियारले प्रश्न उठाएको हो ।उमेर ढाँटेर पदमा बसेको र त्यसबाट व्यक्तिगत लाभ लिएको भनी अख्तियारले उनीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको हो । अख्तियारले १५ साउन २०८० पछि उनले लिएको पारिश्रमिक बापतको ३६ लाख ६२ हजार रुपैयाँलाई भ्रष्टाचारको बिगो मानी मुद्दा दायर गरेको हो । रासस

# इजरायली प्रधानमन्त्रीमाथिको मुद्दामा बयान हुँदै



इजरायल ।
इजरायली अदालतमा भ्रष्टाचारका धेरै आरोपहरू सामना गरिरहेका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले मंगलबार पहिलो पटक आफ्नो मुद्दामा बयान दिने भएका छन् ।
उनीविरुद्ध सन २०१९ मा दायर गरिएका भ्रष्टाचारका तीन अलगअलग मुद्दाहरू छन् । जसमा घुसखोरी, जालसाजी र विश्वासको उल्लङ्घनको आरोपहरू समावेश रहेका छन् । त्यसमा उनले मंगलबार अदालतमा बयान दिन लागेका हुन् ।
तर, उनले यी सबै आरोपलाई अस्वीकार गर्दै आफूले कुनै पनि गलत काम नगरेको जनाउँदै आएका छन् । उनलाई पदबाट हटाउन प्रतिद्वन्द्वी र मिडियाले अनावश्यक रूपमा उचालेको जिकिर गर्दै आएका छन् ।
विश्लेषकहरू र पर्यवेक्षकहरूले परीक्षण र सम्भावित आरोपका बढ्नको लागि नेतन्याहुले गाजा पट्टीमा इजरायलको आक्रमणलाई विस्तार र विस्तार गर्दै आएका छन् ।

# एनपिएलः अपराजित रहँदै जनकपुर वोल्ट्स शीर्ष स्थानमा

काठमाडौं ।
नेपाल प्रिमियर लिग (एनपिएल) मा आइतबारसम्म १५ खेल सम्पन्न भएका छन् । यही मङ्सिर १५ गतेदेखि सुरु भएको एनपिएलमा जनकपुर बोल्ट्स आफ्ना सबै खेलमा विजयी हुँदै अङ्क तालिकामा शीर्ष स्थानमा रहेको छ । उसले चार खेलबाट आठ अङ्क जोडेको छ ।
त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा जारी एनपिएलमा हालसम्मको खेल प्रदर्शनका आधारमा सबैभन्दा बलियो जनकपुर बोल्ट्स देखिएको छ । जनकपुर बोल्ट्सले उद्घाटन खेलमै विराटनगर किङ्ग्सलाई आठ विकेटले पराजित गरेको थियो । दोस्रो खेलमा कर्णाली याक्सलाई आठ विकेटले नै हराएको थियो । तेस्रो खेलमा पोखरा एभेन्जर्सलाई सात विकेटले हराएको जनकपुरले चौथो खेलमा लुम्बिनी लायन्सलाई एक रनले पराजित गर्दै जितको यात्रालाई कायमै राखेको छ ।
यसैगरी जारी एनपिएलमा चार खेल खेलेको सुदुरपश्चिम रोयल्स तीनमा जित तथा एउटा खेलमा हारका साथ दोस्रो स्थानमा छ । यसले चार खेलबाट ६ अङ्क जोडेको छ । सुदुरपश्चिम रोयल्सले पहिलो खेलमा विराटनगरलाई ९० रनले, दोस्रो खेलमा काठमाडौं गुर्खाजलाई ७३ रनले तथा तेस्रो खेलमा लुम्बिनी लायन्सलाई ४५ रनले पराजित गरेको थियो । चौथो खेलमा भने सुदुरपश्चिम रोयल्स चितवन राइनोजसँग ३३ रनले हारेको थियो ।
यस्तै चितवन राइनोज अङ्क तालिकाको तेस्रो स्थानमा छ । उसले हालसम्म चार खेल खेलेको छ । तीनमा जित र एउटामा हार बेहोरेको चितवन राइनोजको ६ अङ्क छ । चितवन राइनोजले पहिलो खेलमा काठमाडौं गुर्खाजलाई पाँच विकेटले तथा दोस्रो खेलमा पोखरा एभेन्जर्सलाई ८७ रनले हराएको थियो । तेस्रो खेलमा कर्णाली याक्ससँग ६ विकेटले हारेको चितवन राइनोजले चौथो खेलमा सुदुरपश्चिम रोयल्सलाई ३३ रनले हराएको थियो ।
कर्णाली याक्सले मध्यम प्रदर्शन गरेको छ । कर्णाली याक्सले चार खेलमा दुईमा जित र दुईमा हार बेहोर्दै चार अङ्क जोडेको छ । कर्णाली चौथो स्थानमा छ । कर्णाली पहिलो खेलमा जनकपुरसँग आठ विकेटले र दोस्रो खेलमा काठमाडौं गुर्खाजसँग तीन विकेटले हारेको थियो । कर्णालीले तेस्रो खेलमा चितवनलाई ६ विकेटले तथा चौथो खेलमा विराटनगरलाई सात रनले हराएको थियो ।
पोखरा एभेन्जर्स दुई अङ्कसहित पाँचौं स्थानमा छ । उसले तीन खेलमा एकमा जित दुईमा बेहोरेको छ । पोखरा पहिलो खेलमा चितवनसँग ८७ रनले र दोस्रो खेलमा जनकपुरसँग सात विकेटले पराजित भएको थियो । तेस्रो खेलमा पोखराले लुम्बिनी लायन्सलाई १० विकेटले हराएको थियो ।
काठमाडौं गुर्खाज दुई अङ्कसहित छैटौं स्थानमा छ । काठमाडौं पहिलो खेलमा चितवनसँग पाँच विकेटले हारेको थियो । दोस्रो खेलमा कर्णालीलाई तीन विकेटले हराएको काठमाडौं तेस्रो खेलमा सुदरपश्चिमसँग ७२ रनले पराजित भएको थियो । विराटनगर किङ्ग्स दुई अङ्कका साथ सातौं स्थानमा छ । विराटनगरले तीन खेलमा हार तथा एउटामा मात्र जित निकालेको थियो । पहिलो खेलमा विराटनगर जनकपुरसँग आठ विकेटले हारेको थियो । दोस्रो खेलमा सुदुरपश्चिमसँग ९० रनले हारेको विराटनगरले तेस्रो खेलमा भने लुम्बिनीलाई दुई विकेटले पराजित गरेको थियो । चौथो खेलमा विराटनगर कर्णालीसँग सात रनले हारेको थियो ।
लुम्बिनी लायन्स चारवटै हेलमा हार बेहोर्दै अङ्क तालिकाको पुछारमा छ । लुम्बिनी पहिलो खेलमा विराटनगरसँग दुई विकेटले, दोस्रो खेलमा पोखरासँग १० विकेटले, तेस्रो खेलमा सुदुरपश्चिमसँग ४५ रनले तथा चौथो खेलमा जनकपुरसँग एक रनले पराजित भएको थियो ।
मङ्गलबार एनपिएलमा दुई खेल हुनेछन् । पहिलो खेलमा चितवन राइनोज र लुम्बिनी लायन्सबीच प्रतिस्पर्धा हुनेछ भने दोस्रो खेलमा कर्णाली याक्स र पोखरा एभेन्जर्सबीच खेल हुने छ ।रासस

# एनपिएलमार्फत गति लिइरहेको नेपालको क्रिकेट

*सोमबार, आठ दिनपछि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानले विश्राम पाएको छ । अहिले त्रिवि मैदानमा नेपाल प्रिमियर लिग (एनपिएल)को लिग चरणका खेल चलिरहेको छ । लिग चरणले आधि बाटो पार गरिरहँदा प्रतियोगिता सोमबार विश्राममा गएको हो । तर, यो विश्राम मात्र एक दिनको थियो । मंगलबारबाट लिग चरणका बाँकी खेल शुरु हुनेछन् ।*

*आठ फ्रेन्चाइज टोलीले कूल १५ खेल खेलेका छन् । पोखरा एभेन्जर्स र काठमाडौं गुर्खाजबाहेक अन्य ६ टोलीले चार खेल खेलिसकेका छन् । पोखरा र काठमाडौंले एक खेल कम खेलेको छ । जनकपुर बोल्ट्सबाहेक सबै टोलीले कम्तिमा पनि एक खेल हारेको छ ।*

| | Teams | M | W | L | N/R | PT | NRR | Series Form |
|---|---|---|---|---|---|---|---|---|
| 1 | JANAKPUR BOLTS (NPL) | 4 | 4 | 0 | 0 | 8 | 1.375 | W W W W |
| 2 | SUDUR PASCHIM ROYALS (NPL) | 4 | 3 | 1 | 0 | 6 | 2.188 | W W W L |
| 3 | CHITWAN RHINOS (NPL) | 4 | 3 | 1 | 0 | 6 | 1.762 | W W L W |
| 4 | KARNALI YAKS (NPL) | 4 | 2 | 2 | 0 | 4 | -0.427 | L L W W |
| 5 | POKHARA AVENGERS (NPL) | 3 | 1 | 2 | 0 | 2 | -1.465 | L L W |
| 6 | KATHMANDU GURKHAS (NPL) | 3 | 1 | 2 | 0 | 2 | -1.505 | L W L |
| 7 | BIRATNAGAR KINGS (NPL) | 4 | [illegible] | [illegible] | 0 | 2 | -1.698 | L L W L |
| 8 | LUMBINI LIONS (NPL) | [illegible] | [illegible] | [illegible] | [illegible] | 0 | -1.051 | L L L L |




## जनकपुरको अपराजित यात्रा

जनकपुरले चार खेलमा शतप्रतिशत जित मात्र निकालेको छैन, च्याम्पियन शैलीमा विपक्षी टोली बाट जित पनि खोसेको छ । आइतबार सम्पन्न आफ्नो पछिल्लो खेलमा जनकपुर पहिलो हारको संघारमा थियो । लुम्बिनीविरुद्ध पहिले ब्याटिङ गरेको जनकपुरले २० ओभरको समाप्तिमा १३६ रनको सामान्य योगफल तयार पारेको थियो । जवाफी ब्याटिङ गरेको लुम्बिनीले १५ ओभरमा दुई विकेट गुमाउँदै एक सय रन पूरा गर्दै खेलमा बलियो पकड बनाएको थियो । अब जितका लागि लुम्बिनीलाई ५ ओभरमा ३७ रन आवश्यक थियो । तर, जनकपुरको च्याम्पियन शैली अगाडि लुम्बिनीका ब्याटर फेल खाए । अन्तिम बलसम्म धकेलिएको खेलमा जनकपुरले एक रनको सनसनीपूर्ण जित हासिल गर्यो । यो जितले जनकपुर शीर्ष स्थानमा उक्लिन सफल भयो । हारका कारण लुम्बिनी तालिकाको पुछारमा यथावत रह्यो । लुम्बिनीको यो लगातार चौथो हार थियो । आइतबारको दोस्रो खेलमा लगातार तेस्रो खेल जितेको सुदूरपश्चिमलाई चितवन राइनोजले पराजित गरेपछि जनकपुर पहिलो ब्रेकमा एक्लो अपराजित टोली बन्यो ।

## लुम्बिनीको उच्च योगफल, लगातारको हारले निराश

नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान समेत रहेका रोहित पौडेलको कप्तानी र नन्दन फाड्निसको प्रशिक्षणमा रहेको लुम्बिनी लायन्स पहिलो पारीमा सबैभन्दा धेरै योगफल तयार पार्ने टोली रह्यो । लुम्बिनीले आफ्नो पहिलो खेलमा विराटनगर किङ्सविरुद्ध टस हारेर ब्याटिङको निम्तो पाएको थियो । २० ओभरका समाप्तिमा लुम्बिनीले १९१ रनको विशाल योगफल तयार पारेको थियो । रोहितले सर्वाधिक ४६ रनको योगदान गरेका थिए । तर, तेस्रो खेल खेलिरहेको विराटनगरले एक बल बाँकी छँदा लक्ष्य भेट्टाउँदै प्रतियोगितामा पहिलो जित हासिल गर्यो । विराटनगरका लागि 'प्लेयर अफ दि म्याच' बनेका विकेटकिपर ब्याटर लोकेश बमले ४७ बलमा तीन चौका र ६ छक्कासहित ७१ रनको पारी खेलेपछि लुम्बिनीले हारको सामना गर्यो ।

लुम्बिनीका कप्तान रोहित औसतमा ४५.२५ रनको हिसाबमा १८१ रन बनाउँदै उच्च रनकर्ताको दौडमा शीर्ष स्थानमा छन् । चार खेल खेलेका रोहितले पोखरा एभेन्जर्सविरुद्ध ९५ रनको पारी खेलेका थिए । उनलाई समान खेल खेलेका लाहिरु मिलन्थाले पछ्याइरहेका छन् । जनकपुरका यी ब्याटर १६८ रन बनाउँदै दोस्रो स्थानमा छन् । चितवन राइनोजका रवी बोपारा १५७ रनका साथ तेस्रो स्थानमा छन् भने सुदूरपश्चिम रोयल्सका कप्तान दीपेन्द्रसिंह ऐरी १४० रन बनाएर चौथो स्थानमा छन् । यी दुबैले पनि चार खेल खेलेका छन् ।




## सोहेल तनवीर सबैभन्दा धेरै विकेट लिने खेलाडी

पाकिस्तानी तीव्र गतिका बलर सोहेल तनवीर उच्च विकेटकर्ताको दौडमा शीर्ष स्थानमा छन् । उनले चार खेलमा एक मेडनसहित ९ विकेट लिएका छन् । काठमाडौंविरुद्ध तनवीरले पाँच विकेट लिएका थिए । एनपिएलमा पाँच विकेट लिने उनी पहिलो खेलाडी हुन् । त्यसयता सुदूरपश्चिमका नरेन साउद र जनकपुरका हर्ष थाकरले यो सफलता हासिल गरेका छन् । तनवीरलाई उच्च विकेटकर्ताको दौडमा यिनै थाकर र उनका सहकर्मी ललित राजवंशीले पछ्याइरहेका छन् । समान खेलमा दुबैले आठ विकेट लिएका छन् । ललितले थाकरभन्दा कम रन खर्चिएका छन् । सुदूरपश्चिमका स्कट कुगेलेइन सात विकेटका साथ चौथो स्थानमा छन् ।

## अहिलेसम्म एक शतक, १६ अर्धशतक

पोखराका ओपनर आन्द्रेश गौसले लुम्बिनीविरुद्ध १०४ रनको अविजित पारी खेलेका थिए । जारी एनपिएलमा गौस शतक प्रहार गर्ने एक्ला खेलाडी हुन् । लुम्बिनीका कप्तान रोहित शतक बनाउन पाँच रनले चुक्दा सुदूरपश्चिमका सेफ जैब १० रन टाढा रहे । एनपिएलमा १६ अर्धशतक सम्भव भएका छन् । चितवनका बोपाराले दुई पटक ५० रनभन्दा माथि रन बनाएका छन् । जनकपुरका मिलन्था र कप्तान अनिल शाह, सुदूरपश्चिमका दीपेन्द्रसिंह र ब्रेन्डन म्याकमुलन, कर्णाली याक्सका शिखर धवन, लुम्बिनीका विवेक यादव, विराटनगरका लोकेश बम र मार्टिन गप्टिल, चितवनका हसन इसाखिल अर्धशतक प्रहार गर्ने अन्य नामहरु हुन् । एनपिएलमा मंगलबार चितवनले लुम्बिनीको सामना गर्दा कर्णालीले पोखराविरुद्ध खेल्ने छ ।



## स्वदेश फर्किए शिखर धवन

नेपाल प्रिमियर लिए (एनपिएल) खेल्न नेपाल आएका भारतीय चर्चित क्रिकेटर शिखर धवनले स्वदेश फर्किएका छन् । स्वदेश फर्किनुअघि उनले एभरेस्ट बेसक्याम्पको अवलोकन गरेका थिए । अवलोकनपछि शिखर आइतबार साँझ एयर इन्डियाको जहाजमार्फत स्वदेश फर्किएका हुन् । यसअघि उनले एनपिएलका क्रममा पशुपति नाथ दर्शन गरेका थिए ।

शिखरले आउँदो मार्चमा नेपालको भ्रमणमा आउने चाहना व्यक्त गरेका छन् । कर्णालीबाट चार खेल खेलेका शिखरले एक अर्धशतकसहित १३६ रन बनाए । भारत फर्किएका उनले नेपालमा एनपिएल खेल्दा राम्रो अनुभव भएको बताए । 'राम्रो अनुभव भयो । नेपालका खेलाडीलाई केही सिकाउने र मैले पनि केही सिक्ने मौका पाँए,' उनले भने ।

# पञ्चवर्षीय गढीमाई मेलामा फितलो व्यवस्थापन



**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको बरियारपुरस्थित लागेको पञ्चवर्षिय गढीमाई मेला अन्तरगर्त सोमबार बोकाको बलि दिइएको छ । यद्धपी अपेक्षाकृत रुपमा यो पटक बलि कम भएको प्रत्यक्षदर्शीले बताएका छन् । बलि दिएर र अन्य श्रद्धालु समेत यतिखेर फर्किरहेका छन् । यद्धपी सबै जसो बाटो अत्याधिक भिडका कारण जाम भएकोले श्रद्धालुहरु अलपत्र परेका छन् । यसपटकको गढीमाई मेलाको व्यवस्थापनमा व्यापक कमिकमजोरी देखिएको श्रद्धालुहरुले गुनासो गरेका छन् । मेला मुल व्यवस्थापन समितिले दाबी गरे अनुसार व्यवस्थापन पक्ष सुदृढ नदेखिएको उनीहरुको गुनासो छ । खासगरी पानी जस्तो आधारभूत सुविधाबाट श्रद्धालुहरु बञ्चित नहुन भनेर संघीय सरकारका खानेपानी मन्त्री प्रदिप यादव स्वयम्ले निर्देशन दिएतापनि पिउने पानीको चरम असुविधा देखिएको श्रद्धालुहरुको गुनासो छ । यसैगरी अध्याधिक शौचालय बनाइने बताइएको भएपनि व्यवहारमा भने शौचालय नबनाइदिँदा जथाभावी शौच गर्न आफूहरु बाध्य भएको श्रद्धालुहरुको दुखेसो छ । जथाभावी गरिएको शौचका कारण मन्दिर पुग्ने र फर्कने भक्तजनलाई समेत निकै कठिनाई भएको एक श्रद्धालु रमेश यादवले गुनासो गरे । यसैगरी चिसोयामलाई मध्येनजर गरी कुनै व्यवस्था नगरिएको प्रति श्रद्धालुहरुले आश्चय समेत व्यक्त गरेका छन् । अर्को तर्फ घण्टौ लाइन लाग्दा समेत मन्दिर दर्शनका लागि आफूहरुले सहज प्रवेश नपाएको अधिकांश भक्तजनको गुनासो रहेको छ । त्यसको विपरित रकम लिएर विशेष पासको आधारमा प्राथमिकतामा राखी प्रवेश दिइएको प्रति उनीहरुले खेद पनि व्यक्त गरेका छन् । यसैबीच ट्राफिक व्यवस्थापन अस्तव्यस्त हुँदा पैदल यात्रीलाई समेत हिड्न कठिन भएको मोहन पटेलले गुनासो गरेका छन् ।

**मेलास्थलमा हतियार देखाउँदै हिँडेका युवक पक्राउ**

गढीमाई मेलास्थलमा हतियार देखाउँदै हिँडेका एक युवकलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा बलरा नगरपालिका–६, मिर्जापुरका १८ वर्षीय अमरजितकुमार सहानी (गोलु) रहेका छन् । इलाका प्रहरी कार्यालय बलराबाट खटिएको टोलीले आइतबार साँझ सहानीलाई दुई थान पेस्तोलसहित पक्राउ गरेको हो । प्रहरी वरिष्ठ नायब निरीक्षक दीपेन्द्र मल्लको नेतृत्वमा खटिएको टोलीले सहानीलाई मेलास्थलमा हतियार देखाउँदै झैझगडा गरिरहेको अवस्थामा नियन्त्रणमा लिएको हो । पक्राउका क्रममा सहानीको साथबाट एक थान चाइनिज पेस्तोल र एक थान नलकटुवा पेस्तोल बरामद गरिएको प्रहरी स्रोतले जनाएको छ । घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । यसैबीच गढीमाई मेलामा भीडभाडको मौका छोपेर पाकेटमारी गर्ने दर्जनौ पाकेटमारहरुलाई नगर प्रहरी, सादा पोशाकमा रहेको प्रहरीले पक्राउ गरेको छ । गढीमाई मेला चलिरहेका बेला यस्ता गतिविधि देखिनु सुरक्षाका लागि गम्भीर चुनौती भएको स्थानीयले बताएका छन् । प्रहरीले मेलास्थलमा सुरक्षा निगरानी कडा बनाएको बताइएको छ ।

## गढीमाईमा बलीको संख्या घट्यो



प्रत्येक पाँच÷पाँच वर्षमा लाग्ने गढीमाई मेलामा यस वर्ष बलि घटेको छ । आइतबार बलि दिइएको राँगाको संख्या न्यून देखिएको हो । दसगजामा भारतीय सुरक्षा बल एसएसबीको अवरोध, बलिविरुद्ध पशु अधिकारकर्मीको जोडबल लगायतले राँगा बलि घटेको हो । विगतका मेलामा १० हजार बढी राँगा बलि दिइएको थियो । तर, यस वर्ष करिब ८ हजारको संख्यामा बलि दिइएको गढीमाई मेला मूल व्यवस्थापन समितिले जनाएको छ । विभिन्न अवरोधका कारण कम बलि दिइएको अनुमान छ । यसपाली बलि हुन नदिने भन्दै चौतर्फी दबाब र आलोचना भइरहेको छ ।

आइतबार बिहान ८ बजेदेखि शुरु भएको बलिको मासु ‘प्रसाद’ को रुपमा लग्न हानाथाप चलेको थियो । नेपाल प्रहरीका प्रहरी नायब उपरीक्षक डीएसपी प्रकाश सापकोटाका अनुसार २ बिघा क्षेत्रफलमा फैलिएको बधशालामा राँगा बलि व्यवस्थित गर्न १ सय प्रहरी परिचालन थियो । तर, पनि सुरक्षाका लागि निर्माण गरिएको १२ फिटको पर्खालबाट उफ्रेर मासुलाई ‘प्रसाद’ भन्दै दलित समुदायले लिएर गएका थिए । बधशालाभित्र सहजै पहुँच नभएपछि उनीहरु आक्रोसित थिए । यता बध गरिएका राँगाको मासु लग्नेहरुलाई नियन्त्रण गर्न नसकेर प्रहरीले ‘प्रसाद’को लागि खुकुलो गरेको थियो । दलित अगुवाहरुले सिनो नखाने र बहिष्कार गर्ने भनेर चेतनामुलक कार्यक्रम गर्दै आएको भए पनि यसलाई सिनो होइन कि प्रसाद हो भनेर सबैले खान लगेका हुन् ।

पशुअधिकारकर्मी सहित भारत र नेपालको सर्वोच्च अदालतले समेत पशु बलिलाई निरुत्साहित गर्न आदेश गरिसके पनि बलि निरुत्साहित हुन सकेको छैन । गढीमाई मेलाको विशेषता पशुपंक्षी बलि नै हो । पशु पंक्षीमा रागा, खसी, बोका, कुखुरा, हाँस, परेवा बलि दिइन्छ । राँगा बाहेकका बलि भाकल गर्नेले गढीमाई क्षेत्रको सिमानाभित्र पायक पर्ने ठाउँमा स्वस्फुर्त बलि दिने चलन छ । राँगालाई भने गढीमाई परिसरमा बनाइएको २ बिघा क्षेत्रफलको बधशालाभित्र जम्मा पारेर बलि दिइन्छ । ‘बलि दिने प्रथाले प्रसिद्ध यस शक्तिपीठमा दर्शनार्थीले भाकल गरेर मनोकामना पूरा भएको विश्वासमा हजारौंको बलि दिने गरेका छन् ।

## गढीमाई मेलामा दर्शनार्थीको घुइँचो



भारतको विहार राज्य अन्तर्गतको पूर्वी चम्पारणका सुरेन्द्र यादव बालबालिकासहित बाराको प्रख्यात गढीमाई मन्दिरको दर्शन गर्न आइतबार मध्यरातमा आइपुगेका थिए । गढीमाई मन्दिरमा भाकल गरेपछि मनोकामना पूरा भएको भन्दै उनी महागढीमाई नगरपालिका–१ स्थित बरियापुरमा दर्शन गर्न आएका थिए । अहिले गढीमाई मन्दिरमा दर्शन गर्ने भारतीय र नेपाली दर्शनार्थीको घुइँचो लागेको छ । ‘केही समयअघि गढीमाईको भाकल गरेका थियौँ ।

माईले हाम्रो मनोकामना पूरा गरेसँगै अहिले माईको पूजाअर्चना गर्न आएका हौँ’, दर्शनार्थी यादवले भने, ‘परिवारको सुख शान्ति र समृद्धिको कामना गर्दै गढीमाई मन्दिरमा आउने दर्शनार्थीहरुको उल्लेख्य मात्रामा हुनुहुन्छ ।’ बरियापुरस्थित गढीमाई मन्दिरमा यही मङ्सिर १ गतेदेखि पञ्चवर्षीय गढीमाई मेला लागिरहेको छ । मेलामा भारतका विभिन्न राज्यका मात्रै नभएर अन्य विदेश मुलुकका भक्तजनको पनि बाक्लो उपस्थिति छ । पाँच–पाँच वर्षमा मेला लाग्ने भएकाले पनि श्रद्धालु भक्तजनहरुको निकै भव्य र सभ्य ढङ्गले उपस्थिति हुने गर्छ । नेपालका पनि विभिन्न जिल्लाबाट मेला भर्न आइरहेका छन् । गढीमाई पञ्चवर्षीय मेला सञ्चालन तथा व्यवस्थापन मूल समितिका अध्यक्ष तथा महागढीमाई नगरपालिका प्रमुख उपेन्द्रप्रसाद यादवले गढीमाई मेलामा दशनार्थीहरुको सहभागिता अत्यधिक रहेको बताए । ‘विगतका वर्षमा जस्तै यसपालिको पञ्चवर्षीय गढीमाई मेलामा श्रद्धालु भक्तजनको उपस्थिति निकै बाक्लो छ’, उनले भने, ‘सम्भवत् महिनाभरिको मेलामा करिब एक करोडभन्दा धेरै दर्शनार्थीहरु उपस्थिति हुने अपेक्षा राखेका छौं ।’ जसमा भारतीय पर्यटकको हिस्सा ६० प्रतिशत र स्वदेशी पर्यटकको ४० प्रतिशतको हाराहारीमा हुने अनुमान छ । गढीमाईको पञ्चवर्षीय मेला हेर्न आउने दशनार्थीको अत्यधिक चापको कारणले बाराको सदरमुकाम कलैयादेखि मन्दिर रहेको बरियापुरसम्म नै अत्यधिक भीडभाड र घुइँचो छ । अत्यधिक दशनार्थीहरुको भीडको कारणले ट्राफिक व्यवस्थापनमा जटिल बनेको छ । कलैयादेखि बरियापुरमा दुई पाङ्ग्रे मोटरसाइकल, तीन पाङग्रे अटोरिक्सा, ई–रिक्सा, जीप, कार, भ्यान, बस, मिनीबस, ट्रकलगायतका सवारीसाधनमा चढेर मन्दिरको दर्शन गर्न आउनेको घुइँचो देखिन्थ्यो । ग्रामीण भेगका दर्शनार्थीहरु ट्र्याक्टर रिजर्भ गरेर आउने गरेका छन् । जिल्ला ट्राफिक प्रहरी कार्यालय बाराका प्रमुख ट्राफिक प्रहरी निरीक्षक निलु दुवलले गढीमाई पञ्चवर्षीय मेलामा सवारीसाधनको भीडभाड अत्यधिक रहेको बताए । ‘दिनरात जुनसुकै बेलामा पनि दर्शनार्थीहरुको उपस्थित भइरहनुभएको छ’, उनले भनिन्, ‘पर्याप्त जनशक्ति खटाएर ट्राफिक व्यवस्थापन भइरहेको छ ।’

# संघीय लोकतन्त्रलाई बलियो बनाउनुपर्नेमा पूर्व राष्ट्रपति यादवको जोड

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवले संविधान गतिशील दस्तावेज भएकाले यसमा परिमार्जन गर्दै संघीय लोकतन्त्रलाई बलियो बनाउनुपर्ने बताएका छन् । २००७ सालको जनकपुर जनसरकारका प्रधानमन्त्री स्वर्गीय महेन्द्र नारायण निधिको लोकतान्त्रिक सङ्घर्ष सहितको विषयलाई समेटेर वरिष्ठ पत्रकार किशोर नेपालले लेखेका ‘नेपालको निधि’ भन्ने पुस्तकको सोमबार जनकपुरधाममा लोकार्पण गर्दै प्रथम राष्ट्रपति यादवले वर्तमान संविधानमा लोकतन्त्रका सबै अवयवहरू समेटिएको बताए । उनले संविधानमा कार्यपालिका, व्यवस्थापिकाले राम्रो काम गर्न नसकेको र स्वतन्त्र न्यायपालिकामा पनि राजनीतिक हस्तक्षेप बढेको बताउँदै अहिले विश्वविद्यालयहरूमा दलीय



भागबन्डाबाट पदाधिकारीको नियुक्ति हुनु मुलुकका लागि दुर्भाग्य भएको बताए ।

नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले मुलुकमा राजनीतिक, सामाजिक, आर्थिक रूपान्तरण नभएसम्म मुलुकको विकास कठिन हुने बताउँदै वर्तमान सरकारले यसमा ध्यान दिँदै दुई वर्षपछि कांग्रेसलाई सहमति अनुसार नेतृत्व हस्तान्तरण गर्ने आशा व्यक्त गरे । मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले मुलुकको हरेक परिवर्तनमा मधेश प्रदेश भएको भूगोलले ठूलो योगदान दिएको बताउँदै मधेशका नेता तथा जनताले राज्यबाट उचित सम्मान पाउन नसकेको गुनासो गरे । महेन्द्र नारायण निधि स्मृति प्रतिष्ठानका अध्यक्ष नरेन्द्र कुमार मिश्रको अध्यक्षतामा भएको सो कार्यक्रममा मधेश प्रदेश सरकारका शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारी, जनता समाजवादी पार्टीका नेता रामअशिष यादव, नेकपा एकीकृत समाजवादी पार्टीका नेता एवं विश्लेषक रामचन्द्र झा, वामपन्थी नेता शीतल झा, नेपाली काँग्रेसका नेता रामसरोज यादव, पूर्व मन्त्री रामकृष्ण यादव, तमलोपाका नेता डा. विजय कुमार सिंह, कांग्रेसका नेता स्मृति नारायण चौधरीले स्वर्गीय नेता निधिको व्यक्तित्व माथि प्रकाश पारेका थिए । कार्यक्रममा विमोचित पुस्तकका विषयमा लेखक वरिष्ठ पत्रकार किशोर नेपालले जानकारी दिएका थिए

# बालिका बलात्कार आरोपमा बिर्तामोडका पूर्वमेयर पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
घरेलु कामदारको रूपमा राखिएकी बालिकालाई जबरजस्ती करणी गरेको आरोपमा प्रहरीले झापाको बिर्तामोड नगरपालिकाका पूर्व नगरप्रमुख ध्रुवकुमार शिवाकोटीलाई पक्राउ गरेको छ । झापाको काँकडभिट्टाबाट उद्धार गरिएकी १७ वर्षीया बालिकाको बयानका आधारमा प्रहरीले शिवाकोटीलाई सोमबार पक्राउ गरेको हो । प्रहरीका अनुसार बालिकाको बुबा छैनन् । आमा भारतको आसाममा बस्छिन् । घरको काम गरिदिने र पढाइदिने शर्तमा उनलाई घरेलु कामदार राखिएको खुलेको छ । उनी कलेज ड्रेसमै काँकडभिट्टाबाट भारत जान खोज्दै गर्दा नाकामा रहेको आफन्त नेपालको सहयोगमा प्रहरीले उद्धार गरेको हो ।

बालिकाले घटनाका बारेमा सुनाएपछि प्रहरीले शिवाकोटीलाई पक्राउ गरिएको हो । जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दका अनुसार पक्राउ परेका शिवाकोटीमाथि करणी आरोपको विषयमा अनुसन्धान भइरहेको छ । शिवाकोटी २०७४ सालको स्थानीय तहको निर्वाचनमा नेकपा एमालेबाट बिर्तामोड नगरपालिकाको प्रमुखमा निर्वाचित भएका थिए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन